# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसको उत्पति सँगै शिक्षाको विकासक्रम पनि शुरू भएको पाइन्छ। मानव उत्पति र विकासक्रम सँगै मानवजातिको आपसी माया-ममता, स्नेह, सद्भावको भावना आकस्मिक रूपमा बढिरहेको पाइन्छ। उत्पतिकाल सँगै शिक्षा प्राप्त गर्ने क्रममा अदृश्य रूपमा सिकाइ र ज्ञान हासिल गर्दै आएको पाइन्छ। जुन कुनै पनि व्यक्तिले कुनै नियम, पाठ्यक्रम नतोकिकन आकस्मिक रूपमा विना उद्देश्य, विना शिक्षक, विना शिक्षण, सिकाइ अदृश्य रूपमा जुनसुकै समय, स्थान, घरपरिवार, समुदाय, पुस्तकालय, खेल मैदान, रेडियो, टेलिभिजन, पत्रपत्रिका, छापासञ्चार माध्यम, धार्मिक एवं सामाजिक क्रियाकलाप आदि बाट अदृश्यरूपमा पाठ सिकिरहेको पाइन्छ। त्यस्तै गरेर जब-जब मानवमा शिक्षाको विकास हुँदै आयो तब विद्यालयमा गएर पढ्ने वातावरण बनाउनुका निम्ति सन् १९०१ मा देवशम्सेरले शिक्षामा परिवर्तन गरिएको पाइन्छ। सन् १९०२ मा चन्द्रशम्सेरले बृटिस गरेका शैनिकहरूका लागि साक्षरता कार्य अनिवार्य गरे। यसरी शिक्षाको विकास हुने क्रममा सन् १९१८ मा त्रिचन्द्र कलेजको स्थापना पश्चात औपचारिक शैक्षिक संस्थाहरू स्थापना भएका छन्। जुन फरक-फरक शैक्षिक संस्थाले फरक-फरक पाठ्यक्रम निर्धारण गेरको पाइन्छ , त्यसमा निर्धारण गरेको पाठ्यक्रम भन्दा बाहिर गएर पनि शिक्षा दिनु पर्ने अवस्था रहेको पाइन्छ (पौडेल, २०६५)।

के, कसरी कहिले पढाउने तथा कसरी मूल्याङ्कन गर्ने भन्ने विषयमा मत भिन्नता रहेको पाठ्यक्रमको अवधारण, अर्थ र परिभाषा चुनौतिपूर्ण रहेको छ। पाठ्यक्रम, विचार र मूल्यको दस्तावेज हुनका साधारण ती विचार र मूल्यको अभ्यास पनि हो। अभ्यास सँग-सँगै नवीनतम् खोज पनि त्यहाँ सृजित भईरहेका पाइन्छ। अदृश्य पाठ्यक्रम भनेको विचार, मूल्य र अभ्यास भन्दा बाहेक गौण तवरले सिकिने पाठ्यक्रम हो, जसले निश्चित पाठ्यक्रमलाई सही बाटोमा डोऱ्याउन सहयोग पुऱ्याउँछ (खनाल, २०६६)।

अनुसन्धानको लागि विद्यालय गएर अध्ययन गर्नु महत्वपूर्ण थियो। विद्यार्थीहरूले विद्यालय तहमा शिक्षक तथा प्रशासकबाट बिभिन्न तवरले अदृश्य पाठ्यक्रम सिकाउने गर्दछन् र त्यसले विद्यार्थीहरूमा सकरात्मक र नकरात्मक दुबै प्रभाव पारेको हुन्छ।हामीले प्राप्त गरेको ज्ञानमा बालबालिकाको क्षेत्रमा कार्य गर्न धेरै जसो अनुसन्धानकर्ताले उनीहरूको जीवन खुशी तथा मनोरञ्जनपूर्ण हुन्छ भन्ने गरेका छन्। विद्यालयमा बालबालिकाको भावना, सोचाइ उमेर, स्वतन्त्रता मनोविज्ञानलाई ध्यान नदिएको पाए। व्यक्तिगत विचारमा पनि नेपालका विद्यालयमा बालबालिकाहरू अझै डर, त्रास, भयमा पिरोलिएको पाइन्छ। जुन कुरा विद्यालयमा शिक्षक तथा कर्मचारीबाट बर्षौंको अभ्यासबाट भएको पाइयो। अदृश्य पाठ्यक्रम प्रत्येक वातावरणमा अवस्थित रहेको पाइन्छ। त्यो वातावरण विद्यालयमा होस वा विद्यालय बाहिर पूजा गर्ने मन्दिर, चर्च, गुम्बामा होस नाचघरमा, शहरबजारमा होस मोफसलमा अदृश्य पाठ्यक्रम, बिभिन्न तत्वहरू रहेका हुन्छन्। जस्तै : आशा गरिएका व्यबहारहरू, सीप, कार्य, उत्तरदायित्व, सम्मान तथा लवाइखुवाइ पर्दछन्।


विद्यालय पाठ्यक्रम एक संगठित रूपरेखा हो । त्यसले शिक्षक तथा विद्यार्थीहरूलाई आशा गरिएको सिकाइ गराउँछ र समाजसँग पनि सम्बन्ध राख्दछ । शिक्षा सँग सरोकार राख्नेहरूले शिक्षाका लागि वा सिकाइ गर्ने तरिका जीवनमा लिखित र अलिखित पाठ्क्रमका विभिन्न अवसरलाई झेल्नुपर्छ । गुरूले ठूलो स्वरमा पढाउदा शिक्षकले भने अनुरूप पढ्न नजानेमा लठ्ठी, गाली तथा मानसिक सजाय पाउँथ्यौं । अदृश्य पाठ्यक्रमले त्यस्ता शैक्षिक उपलब्धिको पनि प्रतिनिधित्व गरेको हुन्छ , जुन शिक्षाविद्हरूले आशा गरेको हुँदैन किनकी ती उपलब्धिहरू नत शिक्षकको लिखित तथा मौखिक उद्देश्यको रूचिमा भर पर्दछ । नत शैक्षिक कथन र पाठ्यक्रम, पाठ्यपुस्तक विद्यालय नीति तथा पाठ्यक्रम परियोजनामा नै समेटिएको हुन्छ ।

खासगरी केन्द्रिकृत र विकेन्द्रिकृत पाठ्यक्रम प्राणालीमा शिक्षकहरू पाठ्यक्रमलाई कार्यन्वयनको सवालमा नियन्त्रित हुन्छन् । त्यस अवस्थामा पाठ्यक्रमलाई कार्यन्वयन गर्दा शिक्षकहरूसँग प्रत्यक्ष सम्पर्क, तालिमको व्यवस्था, सम्झौता आदि गर्नु आवश्यकता हुन्छ । केन्द्रिकृत बाह्य प्रक्रियाबाट निमार्ण गरिको पाठ्यक्रमको कार्यन्वयनमा अवसर धेरै अदृश्य पाठ्यक्रमका समस्याहरू देखिन्छन् (खनाल, २०६६) ।

शिक्षक तथा विद्यालयले राखेको लक्ष्य अनुकूल नभई त्यसको विपरित कुराहरूमा विद्यार्थीहरू परिवर्तन हुन सक्दछन् । यसरी विद्यार्थीहरूको सामाजिकीकरणमा अन्य श्रोत लक्ष्य तथा उद्देश्यभित्र नसमेटिएको अदृश्य पाठ्यक्रम पर्दछ । यस अन्तर्गत सामाजिक संरचना, विद्यालयको संगठनिक ढाँचा, अनौपचारिक, व्यक्तिगत सम्वन्ध, सिकाएको उद्देश्य, देश, काल र परिवेश पर्दछन् । Saylor & Alexander विद्यालयको प्रशासनिक, संगठन, ढाँचा विद्यालयको वातावरण, समूहगत प्रक्रिया, विद्यार्थी, शिक्षक तथा विद्यालयप्रति अभिभावकको धारणा पाठ्यक्रम भित्रको सुषुप्त पक्ष वा अदृश्य पाठ्यक्रम मानेका छन् । यिनीहरूले विद्यार्थीहरूको सामाजिकीकरण, व्यवहारिक परिवर्तन र निर्धारित लक्ष्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । लुकेका तत्वहरूलाई अदृश्य पाठ्यक्रम भित्र लिएको पाइन्छ । एक जना प्राथमिक विद्यालयका शिक्षकले कक्षा कोठाको कर्तव्य पूरा गर्न केही विद्यार्थीहरूको सहयोग लिए । उनले शारीरिक कार्यहरू, कालोपाटी सफा गर्ने, कुर्सी सार्ने काम केटाहरूलाई र भलादमी कार्य कापी बाँडने, पेन्सिल जम्मा गर्ने काम केटीहरूलाई  दिइएको थियो । यी माथिको कार्यबाट Print ले ३ वटा प्रश्न उठाएका थिए । ती के थिए भने पहिलो प्रश्न शिक्षकले विद्यार्थीमा के सन्देश दिइरहेका छन् ? दोस्रो विद्यार्थीले अन्जानमा के सिकिरहेका छन् ? र तेस्रो प्रश्न विद्यार्थीमा के-कस्ता मूल्य र मान्यता रूपान्तरित भइरहेका छन् ? यी तीन प्रश्नको जवाफमा Murray ले क्रमश : शिक्षकले केटीहरूलाई आफ्नो निश्चित कार्यको साथै परम्परागत लैङ्गिक कार्यहरूको लागि पुनर्वल दिइरहेका छन् । दोस्रो : विद्यार्थीहरूले अन्जानमै निश्चित कार्य सँगै परम्परागत लैङ्गिक व्यवहारहरू सिकीरहेका छन् । तेस्रो : विद्यार्थीहरूमा अप्रत्यक्ष परम्परागत मूल्य मान्यता रूपान्तरण भइरहेका छन् । विद्यार्थीले सिकेका यी सबै कुराहरू अदृश्य पाठ्यक्रम उपज  हुन् भनी Murray ले दावी गरेका छन् । यसरी सिकाइ गराउने क्रममा शिक्षकले मैले के सिकाएको छु , विद्यार्थीले के सिकिरहेका छन् भन्ने थाहा छैन । यी सम्पूर्ण कुरा अन्जानमा नै विद्यार्थीहरूले अप्रत्यक्ष रूपमा सिक्ने र शिक्षकले सिकाउने क्रम देखिएका छन् । यसरी अन्जानमा नै अप्रत्यक्ष रूपले सिक्ने सिकाइ प्रक्रियालाई अदृश्य पाठ्यक्रमको रूपमा उल्लेख गरिएको पाइन्छ ।

अतः यी विभिन्न तथ्यबाट यो स्पष्ट हुन्छ, शिक्षक तथा विद्यालयले अपेक्षा गरेको उपलब्धि बीचमा स्पष्ट भिन्नता देखाउछ जसबाट अदृश्य पाठ्यक्रमको अस्तित्वलाई आधार प्रदान गर्दछ । लिखित र अदृश्य पाठ्यक्रम बीच धेरै Gape रहेको पाइन्छ । शिक्षकले पढाउने क्रममा लिखित पाठ्यक्रमका तथ्यलाई मात्र सिकाएर अघि बढ्दा विद्यार्थी सन्तुष्ट हुँदैनन त्यसैले ती विद्यार्थीको चाहाना र उपलब्धिलाई प्राप्त गर्नका लागि दृश्य र अदृश्य दुबै पक्षलाई मिलाएर शिक्षण गरिरहेको हुन्छ । यो तलको Schooling table बाट अझ स्पष्ट गर्ने प्रयास गरिएको छ ।

Schooling




Sourse: Print (1993)

यो Schooling बाट के प्रष्ट हुन्छ भने विद्यालयमा विद्यार्थीहरूले औपचारीक पाठ्यक्रम सँग-सँगै अदृश्य पाठ्यक्रम पनि सिकिरहेका हुन्छन् । सम्बन्धित निकायले बनाएको योजनाबद्ध पाठ्यक्रम स्पष्ट रूपमा देख्न सकिन्छ तर विद्यार्थीले आर्जन गरेको सिकाइमा त्यो नदेखिन सक्छ । त्यसकारण शिक्षक तथा विद्यालयले अपेक्षा गरेभन्दा अन्य थप सिकाइ पनि सँग-सँगै लिइरहेका हुन्छन् । Synder ले प्रत्येक शैक्षिक संस्थाद्वारा गरेको शैक्षिक कार्यक्रममा अदृश्य पाठ्यक्रम रहने दावी गरेका छन् । उनले गरेको दावीभन्दा बाहिर हाम्रो विद्यालय पनि छैनन, तर अदृश्य पाठ्यक्रमको अवधारणलाई नत विश्वविद्यालयद्वारा नै दिने गरेको पाइन्छ , नत विद्यालयतहमा नै पूर्ण सेवाकालीन, सेवाकालीन शिक्षक तालिम कार्यक्रम पनि समावेश हुन सकेको छैन । पाठ्यक्रम योजनाकार तथा कार्यन्वयन कर्ताहरूले आफै पनि अदृश्य पाठ्यक्रमलाई ग्रहण गर्न सकिरहेका छैनन् । विद्यालयमा विद्यार्थीले के-कस्ता अदृश्य पाठ्यक्रम सिकिरहेका छन् भन्ने विषयमा अनविज्ञता नै रहेको पाइन्छ । अहिले परिवर्तित वर्तमान परिपेक्षमा अदृश्य पाठ्यक्रम सम्वन्धी मुद्दालाई खुल्ला रूपमा व्यापक वहस गर्नु पनि देखिन्छ । शिक्षक, विद्यालय, प्रशासक, कर्मचारी, अभिभावकले गर्ने विभिन्न कार्यबाट विद्यार्थीहरूले के-कस्ता अदृश्य कुराहरू सिक्छन् भन्ने बारे जानकारी दिनु अति आवश्यक देखिन्छ ।

अत : मेरो विचारमा योजनाबद्ध पाठ्यक्रम र अदृश्य पाठ्यक्रम समानान्तर रूपमा अगाडि बढ्ने भएकाले यसलाई ध्यान दिनु पर्नेछ । जस्तै : विद्यालयमा शिक्षक तथा प्रशासकको भूमिका, गृहकार्य परिक्षण शिक्षण गर्ने तरिका, छलफल गर्ने तरिका, विद्यार्थीलाई उत्प्रेरणा दिलाउने तरिका, कक्षा परिवर्तन गर्ने नीति, कक्षाकोठाको व्यवस्थापन, व्यक्तिगत भेटघाट, उत्तीर्ण, अनुत्तीर्ण, दण्ड र प्रशंसा जस्ता यावत कार्यबाट विद्यार्थीले सकारात्मक र नकारात्मक रूपमा अदृश्य सिकाइ सिकिरहेको देखिन्छ । त्यसकारण शैक्षिक क्षेत्रको समग्र सुधारका निम्ति केवल योजनाबद्ध पाठ्यक्रमको सुधारले मात्र नभई अदृश्य पाठ्यक्रमको सुधारबाट पनि सम्भव हुन्छ । विद्यालयको चौतर्फी विकास एवं सुधार गरी उच्च सिकाइ उपलब्धि हासिल गर्ने स्थानीय स्रोत र साधनको परिचालनमा

सरोकारवालाको प्रत्यक्ष सम्लग्नताद्वारा विद्यालयको सञ्चालन, विकास एवं सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेर सबै सरोकारवाला, स्थानीय निकाय एवं गैरसरकारी संस्था र माथिल्लो निकायको सामुहिक प्रयत्न र प्रयासबाट विद्यालयको समग्र पक्षमा अगाडि बढाउन "आफ्नो विद्यालय आफैं बनाऊँ" भन्ने भावना सबैमा जागृत गराउनका लागि विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई ध्यानमा राखी सम्पूर्ण ब्यक्तित्वको ईच्छा, आकांक्षालाई पूरा गर्दै सम्पूर्ण विद्यार्थीको चौतर्फी विकास गर्न यो पाठ्यक्रम विद्यालय तहमा अत्यन्तै आवश्यक रहेको पाइन्छ ।

## १.२. समस्याको कथन

कुनै पनि शिक्षण संस्था अदृश्य पाठ्यक्रमरहित हुँदैन । विद्यालय तहमा शिक्षक, प्रशासक, कर्मचारीको कार्यबाट विद्यार्थीहरूले अदृश्य पाठ्यक्रम सिकिरहेका हुन्छन् । ती समग्र सिकाइमा सकारात्मक र नकारात्मक दुबै सिकाइ सक्छन् । शिक्षक, विद्यालय, प्रशासक तथा कर्मचारीबाट कुन-कुन भूमिका वा कार्यबाट विद्यार्थीले के-के तथ्यहरू (कुराहरू) सिक्छन भन्ने पक्षलाई समेटिएको छ । यस अनुसन्धानकर्ताको मूल कथन भनेको विद्यालयमा विद्यार्थीले कसरी अदृश्य रूपमा सिकाइ गर्दछन् । ती अदृश्य रूपमा गरिरहेको सिकाइलाई विद्यालय तहमा शिक्षण सिकाइ गराउनका लागि अदृश्य पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहको हुन्छ । सोको पहिचान गरी दृश्य र अदृश्य पाठ्यक्रमको अन्तरसम्वन्ध स्थापित गर्नुपर्ने हुन्छ । वि.स. २०६१ सालदेखि विभिन्न विद्यालयको गुणस्तर दिन-प्रतिदिन खस्कँदै गइरहेको र अभिभावकहरूको आर्थिक अवस्थाले धान्न नसकी आफ्ना बच्चालाई संस्थागत विद्यालयतर्फ भर्ना गर्ने परिपाटीले प्रशय पाईरहेको कुरा जनगुनासोको रूपमा उठिरहेको छ । जुन विद्यालय तहको हरेक कक्षामा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई ध्यान दिई शिक्षक तथा प्रशासकले शिक्षण कार्यलाई अगाडि बढाउनु यस अध्ययनको आवश्यकता रहेको छ ।

सामुदायिक विद्यालयमा लगानीको तुलनामा शैक्षिक उपलब्धि आशातित रूपमा प्राप्त हुन नसकिरहेको विषयबस्तुलाई मध्यनजर राखी विद्यालय तहका निर्दिष्टि पाठ्यक्रम, शैक्षिक व्यवस्थपन कमजोर हुनु, अदृश्य पाठ्यक्रमलाई नसमेट्नु प्रमुख समस्याको रूपमा लिएको छ । यी सकारात्मक र नकारात्मक पक्षलाई विद्यालय तहका हरेक व्यक्ति, शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स. का सदस्यहरूले अदृश्य पाठ्यक्रम सम्वन्धी देखा परेका प्रमुख समस्या र तिनका समधानका लागि उपायहरूको खोजी गर्नु नै यस अध्ययनको प्रमुख आवश्यकता रहेको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै अनुसन्धान कार्यको छुट्टै महत्व र मौलिकता रहेको पाइन्छ । त्यसैले यस अनुसन्धनको पनि छुट्ट औचित्य रहेको पाइन्छ । पाठ्यक्रम विश्वविद्यालयदेखि विद्यालय तहसम्म प्रयोग हुँदै आएको पाइन्छ ।  तर पनि हालसम्म पनि तिनै पुराना पाठ्यक्रमलाई नै निरन्तरता दिइरहेको पाइन्छ भने अर्कोतिर अदृश्य पाठ्यक्रमलाइ ध्यान नदिएको पाइन्छ । लिखित र योजनाबद्ध पाठ्यक्रमले मात्र विद्यार्थीको समग्र पक्षमा सुधार्न सकिदैन । अदृश्य पाठ्यक्रमको प्रयोग बिना लिखित पाठ्यक्रमको उद्देश्य पूरा गर्न सकिदैन । त्यसैले विद्यालय तहमा शिक्षक कर्मचारी तथा विद्यालय प्रशासकको भूमिकाबाट विद्यार्थीले सकारात्मक र नकारात्ममक ज्ञान लिन सकिन्छ ।

अदृश्य पाठ्यक्रमले शिक्षक, विद्यार्थी, प्रशासक, वि.नि., श्रोतव्यक्ति लगायत समग्र शिक्षाप्रेमीलाई फाइदा पुऱ्याउँछ। विद्यालय तहमा शिक्षक तथा विद्यालय प्रशासकले अझ बढी सकारात्मक तथा नकारात्मक तवरले आफ्नो भूमिकालाई बढाउन फाइदा हुन्छ। यसले दीर्घकालीन तथा अल्पकालीन असर थाहा पाउन मद्दत गर्दछ। यस अध्ययनले पाठ्यक्रम निमार्णकर्ता, कार्यन्वयनकर्तालाई सचेत पारी अदृश्य पाठ्यक्रमको बारेमा पनि प्रभाव बढाउन सघाउ पुऱ्याउँछ। त्यस्तै गरेर पूर्वसेवाकालीन तथा सेवाकालीन तालिममा पाठ्यक्रम योजनाकार, प्रयोगकर्ता तथा अध्ययनकर्ताले नयाँ चासो देखाउन उपयोगी रहेको छ, साथै विद्यालय तहमा सरोकार राख्ने सरोकारवाला, अभिभावक, शिक्षक, विद्यार्थी, वि.व्य.स. लगायत सम्बन्धित संघ-संस्था एवं विद्यालयसँग नजिक रहने सम्वन्धित सबै पक्षलाई फाईदा पुग्ने आशा गरिएको छ।

## १.४ अध्ययनका उद्देश्यहरू

नेपालमा सामाजिक, संस्कृतिक तथा भौगालिक विविधता भएकाले शैक्षिक संस्थामा एउटै किसिमको पाठ्यक्रम भए तापनि यसको संचालन प्रक्रियामा विभिन्नता देखिन्छ। त्यसैले विद्यालय तहको शैक्षिक प्रक्रियाबाट विद्यार्थीहरूले अदृश्य कुराहरू सिक्ने गर्दछन्। यस अध्ययन अनुसन्धानका लागि निम्नानुसारको उद्देश्यहरू प्रस्तुत गरिएको छ।

(क) विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई पहिचान गर्नु।

(ख) विद्यालय तहमा अदृश्य पाठ्यक्रमको प्रयोगमा शिक्षक तथा विद्यालय प्रशासनको भूमिका अध्ययन गर्नु।

(ग) अदृश्य पाठ्यक्रमको प्रयोग गर्न आवश्यक सुझावहरू प्रस्तुत गर्नु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू प्रस्तुत गरिएको छ।

(क) के विद्यालयमा अदृश्य पाठ्यक्रम निमार्ण भएको छ ?

(ख) अदृश्य पाठ्यक्रम का मुख्य पक्षहरू के-के छन् ?

(ग) के शिक्षकले अदृश्य पाठ्यक्रमलाई पहिचान गर्न सकेको छ ?

(घ) के शिक्षक तथा विद्यालय प्रशासकले अदृश्य पाठ्यक्रम को आवश्यकतालाई ध्यान दिएको छ ?

(ङ) के अदृश्य पाठ्यक्रम विद्यालय तहमा आवश्यक छ ?

(च) के अदृश्य पाठ्यक्रमको सकारात्मक पक्षको विश्लेषण गरिएको छ ?

(छ) के विद्यालय तहमा अदृश्य पाठ्यक्रमको समस्यालाई बुझ्न सकेको छ ?

## १.६ अध्ययनको परिसीमा

साधन र श्रोतलाई समेत ध्यानमा राखी यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि यसको सीमाङ्कन निम्नानुसार राखिएको छ ।

(क) यो अध्ययन मोरङ्ग जिल्लाको दादरवैरिया श्रोत केन्द्र अन्तर्गत २ वटा विद्यालयमा सिमित रहनेछ।

(ख) यसमा शिक्षक, कर्मचारी, विद्यार्थी तथा विद्यालयसँग सम्वन्धित रहनेछ ।

(ग) यसमा कक्षाकोठाभित्र र बाहिरको वातावरणको अवलोकन शिक्षक, प्रशासक तथा विद्यार्थीसँगको अन्तर्वाता, छलफलमा अदृश्य पाठ्यक्रलाई सुधारात्मक रूपमा डोऱ्याउने प्रयास गरिएको छ ।

(घ) यो अध्ययन सिमित स्रोत, साधनका बाबजुद गरिएको हुँदा यसबाट प्राप्त निष्कर्ष सोही क्षेत्रमा मात्र सामान्यीकरण हुनेछ ।

## १.७ शब्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| विद्यार्थी | : विद्यालयमा अध्ययनरत छात्रछात्राहरू । |
| शिक्षक | : विद्यालयमा अध्यापन गराउने शिक्षकहरू । |
| कर्मचारी | : विद्यालयको कार्य गर्न खटिएका व्यक्तिहरू । |
| प्रशासकको व्यक्ति | : विद्यालय संचालन गर्ने पूर्ण जिम्मेवार व्यक्ति । |
| विद्यालय | : कक्षा १ देखि कक्षा १० सम्म पढाई हुने ठाउँ । |
| सामुदायिक विद्यालय | : सरकारको नीति निर्देशन सनुसार सञ्चालित विद्यालय जुन समुदायमा हस्तान्तरण गरिएको हुन्छ । |
| संस्थागत विद्यालय | : सरकारको नीति निदेर्शन भए पनि विद्यालयको सम्पूर्ण लगानी खर्च आफै वेहोर्नुपछ । |
| कक्षाकोठा भित्रको वातावरण | : निर्दिष्ट पाठ्यक्रमलाई निरन्तर रूपमा पठन-पाठन गर्नका लागि व्यवस्थित गरिएको कक्षाकोठा । |
| अध्ययन साधन | : यस अध्ययनमा संलग्न भएका सम्पूर्ण साधनहरू । |
| अध्ययनको सीमाङ्कन | : निश्चित क्षेत्र भित्र पर्ने विद्यालयको संख्या, शिक्षकको संख्या र विद्यार्थीको संख्या । |
| गुणस्तर | : लगानीकर्ता वा जोखिमकर्तालाई सन्तुष्टि दिने काम । |
| पहुँच | : लक्ष्य प्राप्त गर्ने काम । |
| शैक्षिक वातावरण | : पढाइलेखाइका लागि अनुकूल वातावरण । |
| आधारभूत शिक्षा | : कक्षा १ देखि ८ सम्मको शिक्षा । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई पूरा गर्न सम्बन्धित अनुसन्धान, पाठ्यपुस्तक, विभिन्न अनुसन्धानात्मक प्रतिवेदन, रचना आदिलाई अध्ययन गरी समिक्षा गरिएको छ । यस अध्ययनमा सान्दर्भिक अनुसन्धानलाई मार्गदर्शन एवं सान्दर्भिक स्रोतको रूपमा लिइएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोध अध्ययन Phlip w. Jakson को कक्षाकोठामा जीवन भन्ने सिद्धान्तमा निर्देशित रहेको छ । यो शोधकार्य गर्ने क्रममा शोधकार्यको विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन गर्नुपर्ने आवश्यक हुन्छ । तसर्थ, यस अध्ययनलाई अगाडि बढाउन निम्नलिखित विचार, पुस्तक, लेख, पत्रपत्रिका, जर्नल्स तथा विगतमा गरिएका सम्बन्धित शोध-पत्रहरूलाई मुख्य आधार बनाइएको छ । अदृश्य पाठ्यक्रको बारेमा चासो राख्ने विभिन्न व्यक्तित्व भए तापनि यसलाई सबैभन्दा पहिले प्रकाशमा ल्याउने व्यक्ति Phlip w. Jakson हुन । उनले सन् १९६८ मा Life in classroom भन्ने पुस्तक मार्फत अदृश्य पाठ्यक्रमको अवधारणा प्रकाशमा ल्याएका थिए । उहाँको अर्को तर्क छ कि हामीले शिक्षालाई सामाजिकीरणको प्रक्रियामा बुझ्नु आवश्यक छ । विद्यालयले साधारण कुराहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गराउँछ । अदृश्य पाठ्यक्रमले त्यस्तो बाटोलाई सिफारिस गरेको हुन्छ । जहाँ विद्यार्थीले आफ्नो व्यक्तिगत इच्छा, आकाँक्षालाई अस्वीकार्य तथा अवरोधको रूपमा स्वीकार गर्न सिक्दछन् ।

Scriven का अनुसार कार्यक्रमका उद्देश्यहरू जस्तो रूपमा तयार गरिएको हुन्छ त्यही रूपमा तिनीहरू प्राप्त हुन्छन् भन्ने निश्चित हुँदैन साथै कार्यक्रमको वास्तविक उपलब्धि आशा गरिएको नै प्राप्त हुन्छ भन्ने कुरा निश्चित हुदैन । पाठ्यक्रमको अन्य प्रभावहरू वा लक्ष्य तथा उद्देश्यका अन्य प्रभावहरू हुन सक्छन्, जुन आशा गरिएको हुदैन । Sriven ले आशा नगरिएको वा अदृश्य पाठ्यक्रमको आवश्यकताको बारेमा यसरी प्रस्तुत गरेका छन् ।

(क) यसले शैक्षिक उद्देश्यको गुणस्तरको मात्रालाई ध्यान नदिई लक्ष्य प्राप्तिलाई पनि ध्यान दिन्छ ।

(ख) यसले शैक्षिक कार्यक्रको उपलब्धिलाई जोड दिन्छ नकी उद्देश्यलाई मात्र होइन ।

(ग) यसले आशा गरिएको र नगरिएको दुबै उद्देश्य कति प्राप्त भए र के प्रभाव पर्यो भन्ने पक्षको मूल्याङ्कन गर्नु आवश्यक छ ।

(घ) यसले समग्र शैक्षिक कार्यक्रको प्रभाव के देखियो भन्ने पक्षलाई जोड दिन्छ ।

(ङ) यसले पक्षपात कम गरी शैक्षिक उपलब्धि हासिल गराउन सहयोग गर्दछ ।

(च) यो आन्तरिक र बाह्य रूपमा सञ्चालन गर्न सकिन्छ ।

(छ) मूल्याङ्कन कर्तालाई कार्यक्रमका प्रमुख लक्ष्यसँग परिचित गराउछ ।

(ज) अदृश्य पाठ्यक्रमले प्रतिस्पर्धी मूल्याङ्कनभन्दा पूरक मूल्याङ्कनको रूपमा कार्य गर्न सघाउ पुर्‍याउँछ भन्ने खोज Scriven ले गरेका छन् (खनाल, २०६५, पृष्ठ ४३) ।

Seddon का अनुसार अदृश्य पाठ्यक्रम भनेको विद्यालयको ती अभ्यास सम्बन्धी उपलब्धि हुन् जुन विद्यालयको नीति, पाठ्यक्रम, निर्देशिकामा उल्लेख भएका हुदैनन् तर अभ्यासहरू विद्यालयमा नियमित र प्रभावकारी अनुभवका रूपमा देखिने गर्दछन् । यसरी विभिन्न विद्वानहरूले दिएका परिभाषा वा व्यक्त गरिएको अवधारणालाई अध्ययन गर्दा यस सम्वन्धमा अदृश्य पाठ्यक्रम विद्यालयको पाठ्यक्रममा वा योजनाबद्ध पाठ्यक्रमका कुनै पनि किसिमका दस्तावेजहरूमा उल्लेख गरिएका हुँदैनन । त्यसैगरी यस्ता पाठ्यक्रमलाई शिक्षक वा विद्यालयले अपेक्षा गरेको सिकाइ प्रक्रियाका रूपमा लिने गरिँदैन । अदृश्य पाठ्यक्रमको बारेमा विद्यार्थी अनविज्ञ हुन्छन र कतिपय अवस्थामा शिक्षक समेत यसप्रति अनविज्ञ नै देखिन्छन् । अदृश्य पाठ्यक्रम निश्चित शिक्षकले सिकाउने नभएर विद्यार्थी विद्यालयमा उपस्थित भई त्यहाँको अवस्थाले सिकाउने गर्दछ । यो पाठ्यक्रम शिक्षाविदहरूले स्पष्टरूपमा अपेक्षा नगरेको सिकाइ उपलब्धि र त्यस्ता अनपेक्षित सिकाइ प्राप्त गराउने प्रक्रिया हो । अदृश्य पाठ्यक्रम मौन रूपमा औपचारिक साधन, विधि विना सिक्ने सिकाइ हो । यो पाठ्यक्रमको प्रभाव योजनाबद्ध पाठ्यक्रमको भन्दा बढी प्रभावशाली र दैनिक अनुभव गर्ने किसिमका हुन्छन ।

## २.२ सम्बन्धित अध्ययनको पुनरावलोकन

खनाल (२०६३) का अनुसार अदृश्य पाठ्यक्रममा विद्यार्थीले प्रकृति, मूल्य, मान्यता, विश्वास, नियम, आचरण निरन्तरता देखिन्छ भन्ने कुरामा सहमति देखिन्छ । यी कुराहरू व्यक्ति समाजका एक सदस्य भएका नाताले पनि सिक्ने गर्दछ । शिक्षण कार्यमा पनि एकभन्दा बढी व्यक्तिहरू र विभिन्न संस्कृति मनोविज्ञान भएका व्यक्ति संलग्न हुने भएकाले त्यसको प्रभाव पर्दछ । शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी बीचमा सहभागिताले अदृश्य कुरा सिकाइराखेको हुन्छ । हामीहरू मध्ये कोही भने अदृश्य पाठ्यक्रमका बारेमा सचेत छौं, यो सबैमा लुकेको हुदैन । अदृश्य रूपमा कति सिकाइ प्राप्त हुन्छ, कति सिकाइ प्रभावकारी हुन्छ, यसमा सिकाइ कति व्यापक हुन्छ , कति सिकाइ महत्वपूर्ण हुन्छ भन्ने कुरा निर्धारण गरिरहेका छन् । अनुसन्धानबाट प्राप्त भएको एक महत्वपूर्ण भएको परिणामको रूपमा एकिकृत सिकाइलाई विचार गर्नुपर्ने भएको छ र अदृश्य पाठ्यक्रमबाट प्राप्त कुरालाई लिखित पाठ्यक्रममा राख्नु पर्दछ कि कति कुराहरू खुल्ला पाठ्यक्रममा हस्तान्तरण भएका हुन्छन र के कति अदृश्य रूपमा आइरहेका छन् ।

लक्ष्मीप्रसाद खत्रीको सिकारूको समाजिक विकासमा अदृश्य पाठ्यक्रमले कसरी प्रभाव पार्दछ भन्ने शीर्षकमा शोध-पत्र तयार गर्नु भएको छ । यो शोध-पत्रको अध्ययनमा कक्षाकोठा र बाहृय वातावरणमा विद्यार्थीले अनपेक्षित रूपमा सिकेका सम्पूर्ण पक्षलाई समेटिएको पाइन्छ । जसमा विद्यार्थीलाई थिचोमिचो भएको अनुभुति गर्ने, अपशब्द प्रयोग गर्ने, विभेद देखाउने, झुक्ने, अन्तर्क्रिया गर्ने, शिष्टचार देखाउन, समूहमा बस्न, शिक्षकमा भर पर्न, थोरै बोल्न, विपरीत लिङ्गप्रति प्रतिकिर्या दिन, छलपूर्ण व्यवहार गर्न जस्ता निष्कर्ष निकालेको पाइन्छ (खत्री, शोधपत्र २००१) ।

अदृश्य पाठ्यक्रमको आयम व्यापक छ, तर यसलाई अपूर्ण रूपमा एउटा ठूलो साधानको धारणाको रूपमा निम्न चार आधारभूत आयाम प्रस्तुत गरिएको छ ।

जसमा ज्ञानको वा ज्ञान आर्जित सिकाइ (Learning to learn), पेशा सिकाइ (Learning the profession), विशेषज्ञ हुनुको सिकाइ (Learning to be expert), खेल सिकाइ (Learning the game) जस्ता

कुराहरू प्रस्तुत गरिएको पाइन्छ । यी प्रत्येकलाई उच्च रूपमा पूरा शिक्षामा प्रयोग गर्न सकिन्छ । ज्ञान आर्जित सिकाइले सिकारू र विद्यार्थीको बीचमा वा समूहमा गुणात्मक शैक्षिक कार्यक्रम कार्यक्रमका जटिल तत्वहरूसँग अन्तर्क्रिया गर्न सहयोग गर्छ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो संगठित ढाँचा हो जसमा विद्यालयभित्र र विद्यालय बाहिरका क्रियाकलाप समावेश भएका हुन्छन् । पाठ्यक्रमभित्र विद्यार्थी, शिक्षक र समाजका इच्छा, चाहानाहरू भएका हुन्छन् । जसमा समाजिक र राष्ट्रिय आवश्यकता पूरा गर्न शिक्षक र विद्यार्थीद्वारा गरिने कार्यलाई समावेश गरिएको हुन्छ । त्यसैले पाठ्यक्रममा विद्यालय तहका तहगत उद्देश्य, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री र मूल्याङ्कन विधि समेत उल्लेख गरिएको शैक्षिक कार्यक्रमको मेरूदण्ड भएकाले यसको संगठन र कार्यन्वयन राम्रो हुनु विद्यालय तहमा ज्यादै आवश्यक मानिन्छ (शर्मा एण्ड शर्मा, २०६१) ।

त्यस्तै गरेर अदृश्य पाठ्यक्रमको सम्वन्धमा (सापकोटा, शोधपत्र २००५) ले विद्यार्थीले कक्षाकोठाभित्र विद्यालयको हाताभित्र, भिडभाडमा हतार गर्ने बानी, क्याप्टेनको भूमिका, नक्कली व्यबहार गर्न, शिक्षकलाई खुसी पार्न, साङ्केतिक भाषा प्रयोग गर्न आफ्नो घरपरिवारबाट सिकेको कुरा विद्यालयमा प्रस्तुत गर्न, विद्यालयप्रतिको धारणा जस्ता अदृश्य कुराहरू सिकिरहेका पाइयो । जसबाट यो स्पष्ट हुन्छ की विद्यार्थीहरूलाई विद्यालयको कुनै पनि कार्यमा कर लगाई अदृश्य रूपमा काम गर्न बाध्य पारेको हुन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

कट्टेल (२०६४) का अनुसार पाठ्यक्रम कार्यन्वयन भन्नाले पाठ्यक्रमलाई कक्षाकोठा र विद्यालयीय अभ्यासमा प्रत्यक्ष रूपमा लागू गराउने एक व्यबहारिक र प्रयोगमूलक क्रियाकलाप हो । पाठ्यक्रम कार्यन्वयनमा अन्तर्गत विद्यार्थीका क्रियाकलापहरू तथा उपलब्धिहरू पठ्यक्रम सामग्रीहरूको प्रयोग र शिक्षकका क्रियाकलापहरू समावेश हुन्छन । पाठ्यक्रम नेतृत्वकर्ताहरू खासगरी पाठ्यक्रम कार्यन्वयनकर्ताहरू प्रमुखहरू एवं सुपरिवेक्षकहरूले परिवर्तित पाठ्यक्रमप्रति चासो राख्नुपर्छ र उक्त परिवर्तनप्रति निकट सम्बन्धित हुनुपर्दछ । तिनीहरूले उक्त नयाँ परिवर्तित पाठ्यक्रमीय अभ्यासप्रति विद्यालयहरूले के-कस्तो प्रतिक्रिया गर्दछ भन्ने सम्बन्धमा सजग रहनु पर्दछ । धेरै जसो मानिसहरू यथास्थितिमा नै रहन चाहान्छन । जब त्यो यथास्थिति र मौजुदा परिस्थितिप्रति परिचित र सन्तुष्ट हुन्छन । तब अदृश्य पाठ्यक्रमले सिकाइलाई परिवर्तन र नयाँ ढङ्गले अगाडि बढ्न सघाउ पुऱ्याउँछ ।

माथि उल्लेखित तत्वहरूबाट अदृश्य पाठ्यक्रममा आफै पनि के कति मात्र समस्या परिरहेको छ भन्ने कुरा स्पष्ट देखिन्छ । विगतका दिनहरूमा गरेका विविध अध्ययन अनुसन्धानहरूले निकालेका तथ्यहरू तथा निष्कर्षहरूले अदृश्य पाठ्यक्रम कार्यन्वयनको दिशामा उचित सुझाव, सल्लाह र मार्गनिर्देशन प्रर्याप्त नभएको कारणबाट विद्यालयतहमा अदृश्य पाठ्यक्रम कार्यन्वयनको अवस्था नरहेको र त्यसलाई कक्षाकोठा शिक्षण प्रभावकारी रूपमा कार्यन्वयन गराउने कारक तत्वहरू पहिचान गरी समाधानको आवश्यक उपायहरू पहिल्याउदै सम्वन्धित पक्षहरूमा केही सहयोग पुग्ने यस अध्ययनको आवश्यकता देखिन्छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

विभिन्न अनुसन्धानकर्ताहरूले विभिन्न विषयमा पाठ्यक्रमको बारेमा अनुसन्धान गरे तापनि अदृश्य पाठ्यक्रमको बारेमा कुनै अनुसन्धानकर्ताले पनि अनुसन्धान कम गरेका हुनाले अदृश्य पाठ्यक्रमको उपलब्धता प्रयोग तथा समस्या, आवश्यकता र प्रभावहरू पहिल्याउनका लागि यो अध्ययन झनै औचित्यपूर्ण छ । राष्ट्रिय शिक्षा परियोजनाको प्रतिवेदनमा उल्लेख भएका तर कार्यन्वयन हुन बाँकी रहेका, शिक्षा प्रणालीमा सुधार नआएको

अवस्थामा हाल आएर ती कार्यहरू कति कार्यन्वयन हुनसके र कुन-कुन कार्यक्रम सुधारान्मुख हुँदा-हुँदै पनि परिवर्तका कारणले कार्यन्वयन भएनन् भनी पाठ्यक्रमको कार्यन्वयनमा यो अनुसन्धानले सहयोग गर्नेछ ।

यसरी आफ्नो अध्ययनसँग सम्वन्धित रहेर विभिन्न सिद्धान्त एवं पूर्व साहित्यहरूको अध्ययनले विषयवस्तुलाई गहिरिएर बुझ्न सहयोग पुऱ्याउनका साथै अध्ययन गर्न लागिएको विषयवस्तुको उठान, त्यससँग सम्वन्धित समस्या र समस्या समधानका विविध उपायलाई गहनतम् रूपमा केलाउन पनि सहयोग प्रदान गर्दछ । आफूले अध्ययन गर्नका लागि विषयसँग सम्वन्धित रहेर गरिएको पूर्व अध्ययन र यस अध्ययनबीचको सामन्जस्यता, विभेदीकरण एवं सामान्यीकरण गर्न सकिने विषयहरू र थप अन्य विविध पक्षमाथि अध्ययन गर्न सघाउ पुरयाउछ । पूर्व अध्ययनले पूरा गर्न नसकेका  कतिपय समस्यालाई यस अध्ययनले पूर्णता दिन सघाउ पुऱ्याउने आशा गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्ययनमा विद्यालय तहका शिक्षक, कर्मचारी तथा विद्यालय प्रशासकको क्रियाकलाप र तिनले खेल्ने भूमिकाबाट विद्यालय तहका विद्यार्थीमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

यस अध्ययनमा पूर्ण रूपमा गुणात्मक विधिको प्रयोग गरिनेछ । यस अध्ययनमा शिक्षक तथा विद्यालय प्रशासकको क्रियाकलाप वा तिनले खेल्ने भूमिकाबाट विद्यार्थीहरूले के-कस्ता अन्तरक्रिर्या, जीवन व्यबहार, कथा कार्यशैलीलाई ग्रहण गर्दछ । ती कुराहरूको सकरात्मक र नकारात्मक असर के हुन सक्दछन भन्ने बारे अध्ययन गरिएको छ । यस अनुसन्धानमा शिक्षक, विद्यार्थी तथा विद्यालय प्रशासकको अदृश्य रूपमा खेलेको भूमिकाबारे ब्याख्या गरिनेछ । यस अध्ययनको लागि चाहिने नमूना, छनौट, अध्ययन, साधन र साधनहरूको वैज्ञानिक तथ्याङ्क सङ्कलन विधिहरू उल्लेख गरिनेछ ।

## ३.२. जनसंख्या

मोरङ्ग जिल्ला बबियाबिर्ता गा.वि.स. वार्ड नं ५ र अवस्थित क्रमशः श्री जनप्रिय उच्च मा.वि. र श्री त्रिभुवन मा.वि. गोहिगाडाका प्र.अ. शिक्षक, कर्मचारी, विद्यालय प्रशासक तथा विद्यार्थीलाई जनसंख्याको रूपमा लिइनेछ ।

## ३.३. नमूनाको आकार

अध्ययनको क्रममा अध्ययनकर्ताले गुणात्मक अनुसन्धान कार्यलाई प्राकृतिक अवस्थामा सूचनाहरू सङ्कलन गर्न श्री जनप्रिय उच्च मा.वि. बबियाबिर्ता-५ का प्र.अ.-१, शिक्षक-३ , कर्मचारी-१ र विद्यार्थी संख्या-५ गरी १० जनालाई र श्री त्रिभुवन मा.वि. गोहिगाडा-३ का प्र.अ.-१ , शिक्षक-२, कर्मचारी-२, विद्यार्थी संख्या-५ गरी १० जनालाई नमूनाको छनोट गरिएको छ ।

## ३.४. नमूना छनौट विधि

तथ्याङ्क संकलन कार्यलाई व्यवस्थित बनाउन उद्देश्यमूलक विधि र यादृच्छिक नमूना छनौट (Random Sampling Method) प्रयोग गरिएको छ ।

## ३.५ नमूना छनौटको आधार

नमूनाको रूपमा मोरङ जिल्ला दादरवैरिया स्रोतकेन्द्र अन्तर्गत ववियाविर्ता गा.वि.स. को श्री जनप्रिय उच्च मा.वि. र श्री त्रिभुवन मा.वि. गोहिगाडालाई छनौट गरी त्यस अन्तर्गत रहेका विद्यार्थी, अभिभावकहरू र शिक्षकहरमा उद्देश्यपूर्ण नमूना छनौट गर्दा अध्ययनका उद्देश्यपूर्ण तथ्याङ्क प्राप्त हुने गरी अवलोकन गर्नुका साथै नमूना छनौटमा लिइएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली मार्फत र अध्ययन क्षेत्रको सरोकारावालाहरू बीच सामूहिक छलफल, अन्तरवार्ता र अन्तरक्रिया गरी आवश्यक तथ्य एवम् जानकारी हासिल गरिएको छ । विद्यालयका रेकर्डहरू हेरी विद्यार्थीहरूको विवरण तयार गरिएको छ ।

यस शोध अध्ययनलाई पूर्णता प्रदान गर्न समय, स्रोत र साधनलाई प्रमुख आधार बनाएर नमूनाको रूपमा उल्लेखित आकार निर्धारण गरिएको छ ।

### ३.६ अनुसन्धानका साधनहरू

यस अध्ययनको कार्यको लागि विश्वासनीय सूचना र तथ्याङ्क सङ्कलन गर्न शिक्षक अन्तर्वार्ता प्रश्नावली शिक्षकका लागि अनुसूची २, विद्यार्थीको लागि प्रश्नावली अनुसूची ३, विद्यालय प्रशासकको प्रश्नावली प्र.अ. का लागि अनुसूची १, विद्यार्थी अवलोकन फाराम विद्यार्थीको लागि अनुसूची ५, शिक्षकको लागि अवलोकन फाराम अनुसूची ६, लक्षित समूह छलफलका विषयवस्तुहरु प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकका लागि अनुसूची ७ मा प्रस्तुत गरिएको छ ।

### ३.७ साधनको वैद्यता

यस अध्ययनको प्रस्तावना तय गर्दा छलफल, प्रश्नावली, सर्वेक्षण फाराम र अन्तर्वाता नै प्रमुख साधन लिइएको छ । जसलाई विश्वासनीय र भरपर्दो बनाउनका लागि आन्तरिक स्रोत निर्देशकको मातहतमा रही शुरूदेखि अन्तिमसम्म सम्पूर्ण कार्य पूरा गरी यस अनुसन्धान कार्यलाई वैद्यता प्रदान गरिएको छ ।

### ३.८ तथ्याङ्कको श्रोतहरू

यस शोध अध्ययनको तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

क) प्राथमिक स्रोत

प्रश्नावली, सर्वेक्षण फाराम, अन्तरवार्ता र छलफललाई तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

ख) द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा नमूना छनौटमा परेका विद्यालयहरूका अभिलेखहरू, हाजिरी खाता, भर्ना पुस्तिका तथा जि.शि.का. र स्रोतकेन्द्रका शैक्षिक अभिलेख आदि रहेका छन् ।

### ३.९. तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोधकार्यलाई उद्देश्यमूलक बनाउन निर्धारण गरिएका उद्दश्यहरूका आधारमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ता स्वयं अध्ययन क्षेत्रमा गई वास्तविक यथार्थ अवलोकन गर्नुका साथै नमूना छनौट गरिएका विद्यालयका प्र.अ., शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा सरोकारवालासँग प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल, अन्तरक्रिया गरी आवश्यक तथ्याङ्क एवम् जानकारी हासिल गरिएको छ ।

### ३.१० तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययनको स्वरूप पूर्ण रूपमा गुणात्मक रहनेछ । किनकी यस अध्ययन कार्यलाई पूरा गर्न आवश्यक तथ्याङ्कहरू गुणात्मक रूपमा प्रश्नावली, अन्तर्वाता, निर्देशिका, अन्तर्क्रिया निर्देशिका, अवलोकन फारम प्राप्त जानकारीलाई समग्रहमा निष्कर्ष निकाली अदृश्य पाठ्यक्रममा शिक्षक तथा विद्यालय प्रशासनको कार्यले विद्यार्थीले सिकिरहेको अदृश्य सिकाइलाई वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ । विश्लेषण गर्दा अध्ययनकर्ताले राखेको मूल उद्देश्य अनुरूप सङ्कलन गरिएको तथ्याङ्कलाई आवश्यकता अनुसार बेग्ला-बेग्ले तालिकामा राखी प्रतिशत, र बृत्तचित्रका माध्यमबाट तथ्याङ्कको ब्याख्यात्मक विश्लेषण, विचार विश्लेषण, तालिकीकरण, रेखात्मक चित्र आदि प्रकृयाको माध्यमबाट तथ्याङ्क विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

विद्यालय तह एक शैक्षिक क्षेत्रको महत्वपूर्ण पाटो भएकाले यस शिक्षारूपी फूलबारीमा शिक्षा दिन र लिन विभिन्न परिवेशबाट आएका व्यक्तिहरूको सहभागिता हुने शैक्षिक क्षेत्र हो । शिक्षा दिने र लिने क्रममा विभिन्न पक्षबाट निर्धारित रूपमा अनेकौं कार्य गरिरहेको पाइन्छ । सो कार्यबाट प्राप्त उपलब्धि निर्धारित कार्यभन्दा थप अन्य सिकाइ उपलब्धि प्राप्त भइरहेको पाइन्छ । यो अध्ययन पूरा गर्न विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिका, स्तम्भ चित्र, फोटो चित्र तथा बृत्त चित्रमा प्रस्तुत गरी सङ्ख्यात्मक र गुणात्मक दुबै रूपमा ब्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकताको विश्लेषण

अदृश्य पाठ्यक्रमको अवधारणलाई नत विश्वविद्यालयद्वारा नै दिने गरेको पाइन्छ , नत विद्यालयतहमा नै पूर्ण सेवाकालीन, सेवाकालीन शिक्षक तालिम कार्यक्रम पनि समावेश हुन सकेको छैन । पाठ्यक्रम योजनाकार तथा कार्यन्वयन कर्ताहरूले आफै पनि अदृश्य पाठ्यक्रमलाई ग्रहण गर्न सकिरहेका छैनन् । विद्यालयमा विद्यार्थीले के-कस्ता अदृश्य पाठ्यक्रम सिकिरहेका छन् भन्ने विषयमा अनविज्ञता नै रहेको पाइन्छ । अहिले परिवर्तित वर्तमान परिपेक्षमा अदृश्य पाठ्यक्रम सम्वन्धी मुद्दालाई खुल्ला रूपमा व्यापक वहस गर्नु पनि देखिन्छ । शिक्षक, विद्यालय, प्रशासक, कर्मचारी, अभिभावकले गर्ने विभिन्न कार्यबाट विद्यार्थीहरूले के-कस्ता अदृश्य कुराहरू प्राप्त गर्छन् भन्नु अति आवश्यक देखिन्छ ।

### ४.१.१ निर्धारित पाठ्यक्रले राखेको सिकाइ उपलब्धिसँगसँगै थप उपलब्धि

मोरङ जिल्लाको दादरबैरिया स्रोतकेन्द्र अन्तर्गत बबियाविर्ता गा.वि.स. मा रहेका श्री जनप्रिय उच्च मा.वि. र श्री त्रिभुवन मा.वि. गोहिगाडामा शिक्षक, प्र.अ., विद्यार्थी, सरोकारवालासँग विद्यालयको प्रा.वि., नि.मा.वि. र मा.वि. तहको तहगत सिकाइ उपलब्धि निम्नानुसारको पाइयो ।

तालिका नं. १ : निर्धारित पाठ्यक्रले राखेको सिकाइ उपलब्धिसँगसँगै थप उपलब्धि

श्री जनप्रिय उच्च मा.वि., बाबियाविर्ता-५, मोरङ

| क्र.सं. | तह | तहगत उपलब्धि प्रतिशत | थप उपलब्धि प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रा.वि | ८०% | २०% | १००% |
| २. | नि.मा.वि. | ७५% | २५% | १००% |
| ३. | मा.वि. | ७२% | २८% | १००% |

स्रोतः स्थलगत अध्ययन २०६९

त्यस्तै,

तालिका नं. २ : निर्धारित पाठ्यक्रले राखेको सिकाइ उपलब्धिसँगसँगै थप उपलब्धि

श्री त्रिभुवन मा.वि., गोहिगाडा, बबियाविर्ता-३

| क्र.सं. | तह | तहगत उपलब्धि प्रतिशत | थप उपलब्धि प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रा.वि | ७५% | २५% | १००% |
| २. | नि.मा.वि. | ७६% | २४% | १००% |
| ३. | मा.वि. | ७०% | ३०% | १००% |

स्रोत: स्थलगत अध्ययन २०६९

यी माथिका दुबै तालिकाबाट सिकाइ उपलब्धि विश्लेषण गर्दा दुबै विद्यालयमा शैक्षिक सत्र २०६८ मा तहगत उपलब्धि निर्धारित पाठ्यक्रमले राखेको १००% पूरै सिकाइ उपलब्धि पूरा गर्न नसकेको पाइयो । निर्धारित पाठ्यक्रमको साथसाथै अदृश्य पाठ्यक्रमले पनि विद्यालय तहमा सिकाइ उपलब्धि हासिल गराउन सहयोग पुऱ्याएको सम्बन्धित पक्षसँगको छलफलले निष्कर्ष निकालेको पाइन्छ । यदि थप उपलब्धिलाई निर्धारित पाठ्यक्रमको उपलब्धिमा समावेश नगर्ने हो भने सत्प्रतिशत सिकाइ उपलब्धि नहुने अवस्था पाइयो । जुन Scriven को लक्ष्य निरपेक्ष मूल्याङ्कनको सिद्धान्तसँग सम्बन्धित रहेको पाइन्छ । माथिको तालिकालाई स्तम्भ रेखाचित्रबाट स्पष्ट पार्ने कार्य गरिएको छ ।

### ४.१.२ निर्धारित पाठयक्रमको शिक्षणबाट बालबालिकामा बोली तथा भाषाको विकास

कक्षाकोठामा शिक्षकले विषयवस्तुलाई शिक्षण गराउँदा मातृभाषालाई ख्याल नगरी शिक्षण गर्ने परिपाटी रहेको पाइन्छ । मैले स्थलगत अध्ययन गरेको दुईवटा विद्यालयको प्रश्नावली र छलफलमा सहभागी एक छात्रा सुश्री ज्योति राजवंशीलाई सोध्दा भन्नुहुन्छ-

> हामी घरमा राजवंशी भाषा जन्मैदेखि सिक्दै आएका छौं, घरमा बाबुआमाले घरायसी कामकाजमा बोलिने भाषा पनि राजवंशी भाषा नै भएकाले बाल्यकालदेखि नै आफ्नो भाषा बोलिरहेको तर विद्यालयमा प्रवेश गरेपछि शिक्षकले पढाउँदा नेपाली भाषालाई मात्र जोड दिएको पाइन्छ । त्यसैले हामीलाई मातृभाषामा बुझ्न सजिलो भएको तर नेपाली भाषामा बुझ्न कठिन हुन्छ ।

यो माथिको भनाईबाट स्पष्ट देखिन्छ निर्धारित विद्यालय तहको पाठ्यक्रममा यस्ता मातृभाषामा कुनैपनि विषय निर्धारण गरेको पाइदैन । बहुजाति बसोबास गरेका ठाउँमा बहुभाषालाई समेटी अगाडि बढाउने नीति निर्धारित पाठ्यक्रममा नभएकाले विद्यार्थीमा शिक्षण सिकाइ गराउन कठिन भएको पाइन्छ । विद्यालय तहको पाठयक्रममा भाषा सिकाइलाई निर्धारित पाठ्यक्रममा नसमेटीए तापनि विद्यार्थीहरूमा भने विस्तारै-विस्तारै नयाँ वा मूल भाषामा बोल्ने र विभिन्न कार्यक्रममा सहभागी हुने र बोली भाषामा विभिन्न क्षेत्रमा गएर प्रवचन, छलफल, गोष्ठी, सेमिनार गराउन सक्षम भएकाले यस्ता बोली भाषालाई पाठ्यक्रम बिना पनि विद्यार्थीहरूमा थप सिकाइमा विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीहरूको भाषामा परिवर्तन गराउन तथा शिक्षा पाउने

अधिकारबाट सुनिश्चित गराउन आफ्नो मातृभाषालाई पनि समेट्दै विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतामा जोड दिनुपर्ने देखिन्छ ।

### ४.१.३ विद्यालय तहका विद्यार्थीहरूमा सामाजिक भावनाको विकास

मोरङ जिल्ला दादरबैरिया स्रोतकेन्द्र अन्तर्गत बबियाविर्ताका दुईवटा विद्यालयमा गरिएको छलफल र प्रश्नावलीबाट श्री जनप्रिय उच्च मा.वि.का प्र.अ आनन्ददेव राजवंशी ज्यू भन्नुहुन्छ-

> विद्यालय तहमा निर्धारित पाठयक्रमलाई सञ्चालन गर्ने निर्देशन भए अनुरुप मात्र शिक्षण सिकाइ क्रियाकलाप गराइन्छ । उपलब्ध पाठ्यक्रमभन्दा बाहिर गएर पढाउन कुनै निर्देशन नभएको हुनाले थप पाठ्यक्रम शिक्षण सिकाइ गराउन समय पुग्दैन । त्यसैले माथिल्लो निकायले निर्देशन गरेको पाठ्यक्रम अनुसार मात्र शिक्षण सिकाइ गराउँछौ ।

माथिको यो भनाईबाट स्पष्ट हुन्छ, विद्यालय तहमा विद्यार्थीहरूलाई सामाजिक सीप सम्बन्धी कुनै पनि थप सिकाइ नगराइएको पाइन्छ । विद्यार्थीमा सामाजिक भावना अनुरूप शिक्षण नगराइएको भएता पनि उनीहरूमा सामाजिक भावनासँग, सिर्जनशील तथा घुलमिल गराउने कार्यलाई समाजमा, सरसफाई गर्ने, बोटविरूवा रोप्ने, अरूको समस्यामा सहयोगी बन्ने, सामाजिक समस्या पहिचान गरी समाधान गर्न उत्साहित हुने, समानताको भावनाको विकास हुने, समाजमा सामाजिक कार्य गर्न सक्षम हुने, विभिन्न सामाजिक संघ संस्था, क्लबहरूमा सक्रिय सहभागी भई सामाजिक सहयोगको भावनामा विकास भएको  पाइन्छ ।

### ४.१.४ विद्यार्थीमा खेल सिकाइको विकास

निर्धारित पाठ्यक्रमले विभिन्न विधिहरू समेटिए तापनि खेल विधिलाई वर्तमान समयसम्म समेटिएको पाइदैन । यसरी निर्धारित पाठ्यक्रममा नसमेटिए तापनि विद्यार्थीमा खेल विधिबाट चौतर्फी विकास हुने भएकाले विभिन्न खेल खेलेर नयाँ र थप धारणाको विकास भएको पाइन्छ । विद्यार्थीहरूमा खेल क्रियाकलापबाट प्राप्त थप सिकाइ उपलब्धिलाई अनुसूची ६ को फोटो नं. १ र २ बाट अझ प्रष्ट्याइएको छ ।

अनुसूची ६ को फोटो नं. १ र २ मा विद्यालय तहको पाठ्यक्रममा खेल सम्बन्धी कुनै पाठ्यक्रम निर्धारण नगरिए तापनि यसले विद्यार्थीहरूमा शारीरिक, मानसिक, संवेगात्मक तथा नैतिक विकास गरेको पाइन्छ । यस्ता विभिन्न क्रियाकलापले विद्यार्थीमा बढी रोचक, मनोरञ्जन, थप दिगो सिकाइको विकास भएको पाइन्छ । यस्ता सिकाइले विद्यार्थी आफैंमा सिक्न जागरूक भई थप कुरा जान्न र खेललाई एक जीवन साथी बनाई राष्ट्र तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन सफल भएको पाइन्छ । वर्तमान परिप्रेक्षमा खेल जगतबाट सिकेको सिकाइ विश्व चर्चित नाम कमाउन सफल भएको पाइन्छ । पाठ्यक्रममा यस्ता खेल सम्बन्धी पाठ्यक्रम नभए तापनि खेल खेलाउँदा विद्यार्थीमा सामुहिक कार्य गर्ने थप सिकाइको विकास भएको पाइयो । माथिको फोटोबाट विद्यार्थीहरूमा जित्नका लागि नयाँ र फरक ढङ्गबाट प्रस्तुत भई उक्त खेलमा सफलता हासिल गर्न नयाँ रणनीति चालेको पाइन्छ । यसरी किताबी रूपमा पढेको तथ्यभन्दा खेल विधिबाट गरिएको सिकाइ बढी उत्साहित, प्रतिस्पर्धात्मक र दीर्घकालीन तथा गुणस्तरीयतामा विकास भएको पाइन्छ ।

### ४.१.५ विद्यालय तहमा समावेशी शिक्षाको विकास

मोरङ जिल्ला दादरवैरिया स्रोतकेन्द्र अन्तर्गत श्री जनप्रिय उच्च मा.वि.मा गरिएको प्रश्नावली अनुरूप कक्षा-१० का छात्रा सुश्री पुनम तवदार यसो भन्नुहुन्छ-

> हामी थारू जातिको घरमा काम खेती गर्दा बोलिने भाषाबाट जति बुझ्न सजिलो हुन्छ तर अन्य भाषाबाट विद्यालयमा गएर बुझ्न कठिन हुन्छ । गुरूहरूले बोलेको कुरालाई मातृभाषामा मिलाएर बुझ्न कठिन हुन्छ । त्यसैले हामी थारू जातिका बालबालिका शिक्षा क्षेत्रमा कम सहभागी रहेका छौं ।

उहाँको यो भनाइले समग्र विभिन्न जातजातिले भरिपूर्ण भएको श्री जनप्रिय उच्च मा.वि. मा धेरै विषयमा विद्यार्थीहरू अस्पष्ट रहेको पाइन्छ । किनकी मैथिली र मातृभाषामा शिक्षण गर्ने परिपाटी हालसम्म निर्धारित पाठ्यक्रममा नरहेकाले त्यस्ता आफ्नो मातृभाषा मात्र जान्ने विद्यार्थी शिक्षाबाट बञ्चित भएको तथ्य स्पष्ट हुन्छ । त्यसैले सबै भाषा बोल्ने नागरिकका बालबालिकाको वास्तविक पहिचान गरी शिक्षाको मूल धारमा ल्याउन, व्यवहारिक ज्ञान दिलाउन, स्थानीय  स्तरमा समूदायको अवस्था बुझ्न समाहित शिक्षालाई लागू गर्नाले विद्यालय तहमा समावेशी शिक्षा लागू गर्न आवश्यक रहेको पाइन्छ ।

### ४.१.६ विद्यालय तहका विद्यार्थीमा अश्लील भाषा तथा शब्दको विकास

निर्धारित पाठ्यक्रमले विद्यार्थीलाई पाठ्यक्रम अनुरूप मात्र शिक्षण सिकाइ गराइए तापनि उनीहरुका व्यवहारमा थप भाषा तथा अश्लील शब्दको प्रयोग भइरहेको  पाइन्छ । किताबी रूपमा पाएको ज्ञानमा नराम्रो र नकारात्मक बाटामा जान हुँदैन भने सकारात्मक पक्षमा मात्र जोड दिइए तापनि विद्यार्थी त्यस्ता नकारात्मक पक्षलाई बढवा दिन अश्लील शब्दहरू तथा भाषाहरू बोलिरहेको पाइन्छ । यसै सन्दर्भमा शिक्षक श्री सञ्जित खवास भन्नुहुन्छ-

> विद्यार्थीहरूले भनेजस्तो नभए सरमाथि रिसाउने, चिढिने, साथीमाथि अश्लील शब्द बोल्ने, अभिभावकमाथि झम्टिने, घमण्डी हुने, अहमता देखाउने, नैराश्यताको भावना जगाउने, गफ गर्ने, हल्लाह गर्ने, झुटो बोल्ने, झगडालु हुने, देखासिखी गर्ने, नकारात्मक सोंच्ने, हिनता बोध जस्ता अश्लील कार्यको विकास भएको पाइन्छ ।

यस्ता नकारात्मक बाटोमा लागेका विद्यार्थीहरूलाई थप नराम्रो बानी र अश्लील शब्द प्रयोग गर्नबाट रोक्नका निम्ति अदृश्य पाठ्यक्रम विद्यालय तहमा बेलैदेखि प्रयोग गर्नु अनिवार्य देखिन्छ ।

### ४.१.७ विद्यालय तहका विद्यार्थीमा अनुशासनको विकास

प्रस्तुत स्थलगत अध्ययन गरेको दुईवटा विद्यालयको सर्वेक्षणबाट प्रष्ट हुन्छ, कुनै पनि विद्यालयमा अनुशासन समबन्धी निर्धारित पाठ्यक्रममा नभए तापनि उनीहरूमा अत्यन्तै मर्यादित तथा अनुशासनमा रही नियम पालना गरेको पाइयो । यसलाई अनुसूची ७ को फोटो नं. ३ र ४ बाट स्पष्ट रूपमा प्राप्त गर्न सकिन्छ ।

अनुसूची ७ को फोटो नं. ३ र ४ बाट विद्यार्थीमा कक्षामा शिक्षक नभएको समयमा पनि अनुशासित र इमान्दारीपूर्वक बस्ने बानीको विकास भएको पाइयो । साथै नियम पालन गरी आफ्नो पालामा आफूले जानेको कुरा एकले अर्कोलाई समूहगत छलफलबाट सिकाउने गरेको पाइयो । त्यस्तै गरी कक्षाकोठाभन्दा बाहिर कुनै पनि

कार्य गराउँदा एकअर्का प्रति समूहमा मिली आफ्नो समूहलाई अगाडि बढाउन, आफ्नो समूहको सामुहिक विचार तथा साहसीको भावनामा विकास गरी उत्कृष्ट अङ्क प्राप्त गर्न अप्रत्यक्ष रूपमा अनुशासनको पालना गरी प्रतिष्ठित समूह बनाउन सफल भएको पाइन्छ ।

### ४.१.८ थप सिर्जनात्मकताको विकास

मोरङ जिल्ला दादरबैरिया स्रोतकेन्द्र अन्तर्गत बबियाविर्ता गा.वि.स. भित्र रहेका दुईवटा सामुदायिक विद्यालयमा गरिएको स्थलगत अध्ययनमा शिक्षक, प्र.अ., विद्यार्थी, शिक्षासँग सरोकार राख्ने व्यक्तित्वसँग प्रश्नावली र छलफल गरिएको थियो । उक्त अध्ययनलाई अझ सत्यतथ्य र पारदर्शी गराउनका निम्ति श्री जनप्रिय उच्च मा.वि. बबियाविर्तामा गरेको कार्यगत स्थलगत सर्वेक्षणबाट विद्यार्थीमा रहेको सिर्जनात्मकतालाई अनुसूची ८ को फोटो नं. ५ र ६ बाट स्पष्ट गर्न सकिन्छ ।

थप अतिरिक्त क्रियाकलाप अन्तर्गत बक्तृत्वकलामा भाग लिन लगाई विद्यार्थीहरूलाई बोल्ने मौका दिँदा उनीहरू भित्र रहेका अन्तरनिहीत क्षमता, ज्ञान, सीप, अनुभवलाई बाहिर प्रष्फुटन गर्न जागरूक भएको पाइन्छ । जसलाई अनुसूची ८ को फोटो नं. ५ मा प्रस्तुत गरिएको छ । त्यस्तै फोटो नं. ६ मा विभिन्न विद्यार्थीहरूलाई गीत गाउन लगाउदा साना-छात्राहरूमा पनि गीत गाउने सिर्जनात्मक क्षमताको विकास भएको देखिन्छ । यसरी कुनै पनि विषयलाई निर्धारित पाठ्यक्रमभन्दा बाहिर गएर विषयवस्तुलाई समूहमा प्रस्तुत गर्दा फरक र नयाँ ढङ्गबाट सिर्जनासिल क्षमतामा बृद्धि भई प्रतिस्पर्धामा उत्रिएको पाइन्छ । यसले उनीहरूलाई अगाडि बढ्न थप सिर्जनसील क्षमतामा हौसला प्रदान गरेको पाइन्छ ।

### ४.१.९ विद्यालय तहका विद्यार्थीमा व्यक्तित्व निर्माणको विकास

विद्यालय तहमा निदृष्ट पाठ्यक्रमभित्र नभए पनि विद्यार्थीमा आफ्नो व्यक्तित्व बनाउन विभिन्न थप सिकाइ गरिरहेको पाइन्छ । यसै सन्दर्भमा छात्रा सन्जना राजवंशी भन्नुहुन्छ-

> श्रृङ्गारको सामान प्रयोग गर्ने, फेसनमा प्रस्तुत हुने, कपालमा मेहन्दी लगाएर चमक देखाउने, नङ पालिस लगाउने, हातभरी चुरा लगाउने, सिक्री लगाउने, कानमा मुन्द्रा लगाउने, आफ्नो व्यक्तित्व अरूकोभन्दा छुट्टै बनाउन खोज्ने, आँखी भौं मिलाउने, लामो नङ पाल्ने, पश्चिमेली सभ्यताको नक्कल गर्ने, अरूले गरेको फेसनमा आफू पनि प्रस्तुत हुने बानीमा विकास भएको पाइन्छ ।

यस्ता अतिरिक्त तौर तरिकाबाट आफूलाई एक छुट्टै व्यक्तित्व बनाउन सफल भएको ठान्ने बानीको विकास भएको पाइन्छ । यी सबै तथ्यहरू कुनै पनि पाठ्यक्रममा समावेश गरिएको पाइदैन तर अदृश्य रूपमा यस्ता सिकाइ भइरहेको पाइन्छ ।

### ४.१.१० विद्यालय तहका विद्यार्थीमा मनोवैज्ञानिक संकटको विकास

प्रस्तुत विषयमा स्थलगत सर्वेक्षण गर्दा दुबै विद्यालयका विद्यार्थीबाट शिक्षण सिकाइका क्रममा मनोवैज्ञानिक थुप्रै सङ्कटको विकास भएको पाएँ । श्री जनप्रिय उच्च मा.वि. बबिया विर्ताका शिक्षक श्री हिरणकुमार बहरदार भन्नुहुन्छ-

> बालबालिकाको मनोवैज्ञानिक संकटलाई विद्यालय तहको पाठ्यक्रममा नसेमेटिए तापनि आफ से आफ मनोवैज्ञानिक रूपमा डर, त्रास, भय, बेखुसी, अनविज्ञ, असन्तुष्ट, छल्ने बानी, सङ्कालु स्वभाक, कमजोरी लुकाउने, व्यक्तिगत आफ्नो समस्यालाई प्रमुख मान्ने, उत्तरदायित्व बोध नगर्ने, गलत क्रियाकलापमा सहभागी हुन तयार हुने, दिग्दारीपन देखापर्ने, विद्यालय छाड्ने, नजाने, साथीसँग रिसिने, आफ्नो कमजोरी भए चिन्तित हुने, सिकाइमा निष्कृयता देखापर्ने, लैङ्गिक विभेद छुट्याउने जस्ता मनोवैज्ञानिक संकटको विकास भएको पाइन्छ ।

माथिको यो भनाइबाट प्रष्ट हुन्छ, विद्यार्थीहरूमा विभिन्न तवरले मानसिक रूपमा तनाब उत्पन्न भई विद्यालयमा बालबालिकालाई मनोवैज्ञानिक संकट जटिल रूपमा देखा परेको पाइन्छ । त्यसैले यस्ता संकटलाई हटाउनका निम्ति विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता रहेको पाइन्छ ।

### ४.१.११ विद्यालय तहका विद्यार्थीमा सम्मान गर्ने व्यवहारको विकास

विद्यालय तहमा निर्धारित पाठ्यक्रमभित्र सम्मान गर्ने व्यवहार नसमेटिए तापनि यसै सन्दर्भमा शिक्षक श्री बिकाराम खवास भन्नुहुन्छ-

> सम्मान गर्ने बानी, व्यवहारलाई शिक्षकले नसिकाए तापनि विद्यार्थीमा एकअर्काप्रति आफूले मान्नु पर्ने मान्यजनप्रति बफादारी बन्ने, समाजले भनेको कुरालाई स्वीकार्ने, अरूको भावनालाई कदर गर्ने, अरूप्रति सहानुभूति देखाउने, असामाजिक व्यवहारलाई सहने, मैत्रीपन व्यवहारलाई कायम गर्ने, आफ्नो परिवारको सदस्यसँग नजिकको सम्बन्ध राख्ने, आफ्ना गुरूलाई सम्मानजनक व्यवहारले सम्मान गर्ने जस्ता सम्मान गर्ने बानीको विकास विद्यार्थीमा भएको पाइन्छ ।

यस्ता सम्मानजनक कार्य विद्यालय तहका कुनैपनि पाठ्यक्रममा समेटीएको हुदैन । तर पनि विद्यार्थीमा अरूलाई मान्नुपर्ने ठाउँमा सहासी बनी आफ्नो क्षमतामा परिवर्तन गराउने, अरूको कदर गर्ने, आफ्नो पालोमा मात्र इमान्दारीपूर्वक कार्यगर्न लागिपर्ने, अनुशासित व्यवहार जस्ता कार्यहरूको विकास भएको पाइन्छ ।

समग्रमा शिक्षक, प्रशासक, विद्यार्थी, स्रोतव्यक्ति लगायत विद्यालयसँग सरोकार राख्ने व्यक्तिहरूको मनसायलाई मध्यनजर गरी विश्लेषण गर्दा विद्यालय तहमा निर्धारित पाठ्यक्रमले मात्र विद्यार्थीको समग्र पक्षलाई विकास गर्न नसकेको पाइयो । जसबाट यो स्पष्ट हुन्छ, अदृश्य पाठ्यक्रमलाई पनि विद्यालय तहमा सामेल गराएर विद्यार्थीको भाषिक, सामजिक, खेल, अनुशासन, समावेशीपन, अश्लील शब्दको प्रयोग, आफ्नो व्यक्तित्व निर्माण, विद्यार्थीमा मनोवैज्ञानिक संकट, सम्मान गर्ने व्यवहार, लैङ्गिक विभेद, सहने बानी, सिर्जनसिल क्षमतामा विकास, अन्तरनिहीत ज्ञानको विकास, धैर्य धारण गर्ने बानीको विकास, दिर्घकालीन सीपको विकास, व्यक्तिगत सामाजिक सीप र भाषिक सीप जस्ता समग्र पक्षको विकास गर्न र गुणस्तरीयता प्राप्त गर्न अदृश्य पाठ्यक्रमको विद्यालय तहमा आवश्यकता रहेको पाइन्छ ।

## ४.२ विद्यालय तहमा अदृश्य पाठ्यक्रमको प्रयोगमा शिक्षक तथा विद्यालय प्रशासनको भूमिका

विद्यालय तहमा पठनपाठन गर्ने शिक्षक र प्रशासकले विभिन्न क्रियाकलापद्वारा विद्यार्थीले अन्जानमै सिकेका सिकाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ बालबालिकाको सिकाइ उपलब्धि कमजोर हुने कारण पत्ता लगाउनु

बालबालिकाको सिकाइलाई उसको घरपरिवार, विद्यालय, समाज, विद्यार्थीको शारीरिक तथा मानसिक अवस्थाले मूल प्रभाव पार्दछ । यी तत्वले केही विद्यार्थीको सिकाइ राम्रो हुन्छ भने केहीको नराम्रो हुने गर्दछ । सिकाइ उपलब्धिमा सबैभन्दा बढी प्रभाव पार्ने तत्वको सम्बन्धमा प्र.अ., शिक्षक, अभिभावक, स्रोतव्यक्ति लगायत विद्यार्थीसँग भराइएको प्रश्नावलीबाट निम्नानुसारको नतिजा आएको थियो । जसलाई तालिकाद्वारा विश्लेषण गर्ने प्रयास गरिएको छ ।


तालिका नं. ३ : बालबालिकाको सिकाइ उपलब्धि कमजोर हुने कारण पत्ता लगाउनु

| क्र.सं. | कारण | प्र.अ. | शिक्षक | अभिभावक | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | आर्थिक अवस्था | २ | ३ | १० | १५ | ३३.३३% |
| २. | अदृश्य पाठ्यक्रम | १ | ५ | १० | १६ | ३५.६६% |
| ३. | विद्यार्थीको लगनशिलता | २ | ८ | २ | १२ | २६.७६% |
| ४. | शिक्षक तालिम | - | - | २ | २ | ४.५५% |
| **जम्माः** | | **५** | **१६** | **२४** | **४५** | **१००%** |

स्रोतः स्थलगत अध्ययन २०६९

माथिको तालिकामा शिक्षक, प्र.अ., अभिभावक तथा विद्यार्थीसँगको छलफलबाट जम्मा ४५ जना विद्यार्थी मध्ये १५ जनाले आर्थिक अवस्थाको कारणले, १६ जनाले अदृश्य पाठ्यक्रमको कारणले, १२ जनाले विद्यार्थीको लगनशीलताको कारणले र २ जनाले शिक्षक तालिमको कारणले जवाफ दिएको पाइयो । सबैभन्दा बढी सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्व अदृश्य पाठ्यक्रम बढी संख्याले जवाफ दिएको पाइन्छ । यसलाई निम्नानुसार पाइचार्टमा प्रस्तुत गरिएको छ ।

चित्र नं. १ : बालबालिकाको सिकाइ उपलब्धि कमजोर हुने कारण पत्ता लगाउनु




माथिको बृत्तचित्रबाट यो स्पष्ट देखिन्छकी मूलरूपमा ४ वटा पक्षमा छलफल र प्रश्नावली गराउँदा सबैभन्दा बढी सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्व अदृश्य पाठ्यक्रम रहेको देखिन्छ । जुन ३५.६६ प्रतिशत रहेको

देखिन्छ । त्यसपछि आर्थिक अवस्था ३३.३३ प्रतिशत रहेको पाइन्छ । त्यस्तैगरी विद्यार्थीको लगनशिलता र शिक्षक तालिम रहेको पाइन्छ। त्यसैले, शिक्षक तथा प्र.अ.ले अदृश्य पाठ्यक्रमको पहिचान गरी यसका कमजोर पक्षलाई सुधार गरी विद्यार्थीको समग्र  पक्षमा यी माथिका तत्वहरूहरूमा विशेष भूमिका खेल्नुपर्ने देखिन्छ ।

### ४.२.२ शिक्षक तथा विद्यालय प्रशासकले गृहकार्य दिई परिक्षण गर्दा विद्यार्थी दण्डबाट बच्ने उपायको विकास हुनु

विद्यालयमा गरेका विभिन्न कार्यबाट त्यसलाई थप बल पुऱ्याउन शिक्षक तथा प्र.अ. ले गृहकार्य दिँदा विद्यार्थीको मानसिकतामा किताब, विभिन्न गाईडको माध्यमबाट गृहकार्य गरेको पाइयो । यसै सन्दर्भमा कक्षा १० का छात्र जीवन कुमार माभी बताउनुहुन्छ-

> यदि गृहकार्य नगरेमा शिक्षक तथा प्रशासकबाट पिटाई र गाली खाइन्छ । शिक्षक तथा प्रशासकले शारीरिक तथा मानसिक रुपमा असर पुग्ने तवरले दण्ड दिने हुनाले जसरी भएपनि त्यो पक्षबाट बच्न र अर्को पाठ शुरू गर्नका निम्ति गृहकार्य गर्ने विद्यार्थीको कर्तव्य हो भन्ने बोध हुन्छ ।

माथिको यो भनाइबाट अरूलाई खुशी पार्न र दण्डबाट बच्नका निम्ति विद्यार्थीमा भनेको कार्यलाई सफलतापूर्वक गरेर अरूलाई खुशी पार्ने उपायको विकास भएको पाइन्छ । यस पक्षमा विकास हुनु शिक्षक तथा विद्यालय प्रशासक कै भूमिकाले गर्दा यस्तो भएको पाइयो ।

### ४.२.३ पाठप्रति प्रश्न सोध्दा जानेको भए हतार र नजानेको भए मौन बानीको विकास हुनु

श्री जनप्रिय उच्च मा.वि. र श्री त्रिभुवन मा.वि. गोहीगाडा दुबै विद्यालयमा गरिएको छलफल, अन्तर्वार्ता तथा प्रश्नावलीबाट यो स्पष्ट देखियोकी शिक्षकले पढाएको पाठ्प्रति प्रश्न गर्दा जानेको भए तँछाड-मछाड गर्दै हतारमा भन्ने प्रतिस्पर्धाको विकास भएको  पाइयो । उक्त प्रश्नको उत्तर नआएमा केही चासो नलिई मौन स्रोताको रूपमा लाचार भई बस्ने वा मेरो पालो आउँछ की भनी शिक्षक तर्फ नहेर्ने, घोसेमुन्टो लगाएर बसिरहने गरेको पाइयो । यदि शिक्षक तथा प्र.अ.ले नाम किटानी गरेर सोधिहाले म आएको थिइन, किताब छैन जस्ता बहाना गर्ने, छल्ने गरेको पाइयो । यो विद्यार्थीको कार्यबाट स्पष्ट हुन्छ, आफूलाई थाहा भएमा हतारमा तँछाड मछाड गर्ने र नजानेको भए मौन बस्ने बानीको विकास गराउने भूमिका तिनै विद्यालयको शिक्षक तथा प्र.अ.ले गरेको कार्यबाट स्पष्ट हुन्छ ।

### ४.२.४ कडा अनुशासनमा बस्दा कतिपय विद्यार्थीमा अनुशासित व्यवहार र कतिपयमा मनोवैज्ञानिक संकट देखापर्नु

विभिन्न विद्यालयको अवलोकन, छलफल र अन्तक्रिया तथा विभिन्न प्रश्नावलीबाट कुनैपनि कक्षालाई प्रशासकको नजिक राखेर हेर्दा विद्यार्थीको होहल्लाह आफै नियन्त्रण हुने, विद्यार्थीको बोलीचालीमा फरक, अनुशासित र संवेदनशील रहेको पाइयो । यसै सन्दर्भमा पुनम तब्दार भन्नुहुन्छ-

> कक्षाकोठामा कुनै छलफल गर्नुपर्ने भए अलिकति ठूलो आवाज विद्यार्थीले गरेमा सर वा प्रशासकले आएर गाली गर्ने र पिट्ने गर्नुहुन्छ । एउटाले गल्ती गरेमा समग्र कक्षाका विद्यार्थीलाई स्पष्टिकरण लिई गल्तिको कारण दर्शाइ गल्ति नगर्नेलाई पनि सबैले मानसिक रुपमा सजाय भोग्नुपर्ने बताए ।

विद्यार्थीको यो भनाईबाट स्पष्ट हुन्छ की प्रशासकको कोठा नजिक बस्दा मनोवैज्ञानिक संकट देखा परेको बुझियो । त्यस्तै गरी अनावश्यक कुरा बोल्न नपाउने, स्वतन्त्र नहुने, अरूको दवाबमा बस्नुपर्ने जस्ता प्रशासकको भूमिकाबाट विद्यार्थीमा अमिट छाप बसेको पाइयो ।

### ४.२.५ विद्यालय प्रशासकले दिने पुरस्कार र दण्डको भूमिकाबाट विद्यार्थीमा आएको परिवर्तन

प्रस्तुत अध्ययनमा छनौट गरेका दुबै विद्यालयका शिक्षक, अभिभावक, प्र.अ., कर्मचारी लगायत विद्यालयसँग सम्बन्ध राख्ने सरोकारवालासँगको प्रत्यक्ष छलफल, अवलोकन, अर्न्तक्रिया र सम्बन्धित प्रश्नावलीबाट यो स्पष्ट देखियो कि विद्यार्थीलाई सिकाइप्रति उत्साहित गराउन (उत्प्रेरणा दिन) पुरस्कार र उनीहरूमा भएका नराम्रा बानी छुटाउन दण्ड प्रयोग गर्दा सिकाइमा महत्वपूर्ण भूमिका खेलेको पाइयो । सही प्रतिकृया र लगत्तै पुरस्कार दिँदा धेरै राम्रो गरेको पाइयो । यसबाट विद्यार्थीमा राम्रो कार्य गर्दा पुरस्कार प्राप्त हुने र नराम्रो कार्य गरेमा दण्ड वा सजाय भोग्नु पर्ने मनोवैज्ञानिक सीपको विकास भएको पाइयो । त्यस्तै गरेर पुरस्कार नदिँदा कुन कार्य सही र कति गलत छ भन्ने कुराको निर्णय गर्ने क्षमताको विकासमा कमी आएको पाइयो । साथै जटिल किसिमको दण्डले विद्यार्थीमा आक्रमक तथा अपराधिक गतिविधिमा विद्यार्थी संलग्न रहेको र सामान्य दण्डले उसको बानीमा सुधार भएको पाइयो । यस्तो परिवर्तन गराउन प्याभलभको सम्बन्ध पत्यापर्वतन सिकाइ र सिद्धान्तसँग सम्बन्धित रहेको पाइन्छ ।

### ४.२.६ विद्यालय प्रशासनले गराउने सामाजिक कार्यबाट विद्यार्थीमा भएको विकास

श्री त्रिभुवन मा.वि. गोहीगाडाका विद्यार्थीले यस सन्दर्भमा यस्तो प्रतिक्रिया व्यक्त गर्छन्-

> विद्यालयले विभिन्न कार्यक्रम गराउँदा सामाजिक परिवेशसँग सुहाँउदा क्रियाकलाप गराउँदा सामाजिक मूल्य र मान्यतालाई स्वीकार गरी सामाजिक समस्याको पहिचान र निराकरण गर्ने बानीको विकास भएको पाइयो । त्यस्तै गरी विद्यालयले एकरूपता देखाउन, पोशाक लगाउन लगाउँदा अनुशासित भई हामी सबै एक हौं भावनाको विकास भएको छ ।

माथिको यो भनाईबाट विद्यालय प्रशासनले अभिभावक र विद्यार्थीलाई भेट्घाटको मौका दिँदा विद्यार्थीमा कमीकमजोरीमा सुधार भई व्यक्तिगत समबन्ध अझ घनिष्ट भएको अनुभूति पाइयो । तर भेट्घाट नगर्ने प्रबृत्तिका बालबालिकाको भने उत्छृङ्खल र गलत बाटोमा लागेको पनि पाइयो ।

समग्रमा विभिन्न शिक्षक तथा विद्यालय प्रशासनले गरेको भूमिकाबाट विद्यालय तहका अधिकांश विद्यार्थीमा अदृश्य पाठ्यक्रमको खाँचो रहेछ भन्ने आवश्यकतालाई सम्पूर्ण विद्यार्थी, शिक्षक, स्रोतव्यक्ति तथा सरोकारवालाको चासो र चिन्ता बढ्नुको साथै यसलाई विद्यालय तहमा ल्याउन प्रमुख भूमिका शिक्षक तथा प्रशासकको नै मूल आधार रहेको स्पष्ट हुन्छ ।

## ४.३ अदृश्य पाठ्यक्रम प्रयोग गर्न प्राप्त सुझावहरू

राष्ट्रिय आवश्यकता अनुसार शिक्षामा विद्यालय तहको गुणस्तर सुधार गर्ने, मा.वि. तहसम्म निःशुल्क शिक्षा दिलाउने, समावेशी शिक्षा लागुगर्ने जस्ता पक्षमा लिखित पाठ्यक्रम र यसका नकारात्मक पक्षमा सुधार गरेर मात्र सफलता मिल्दैन, यसको साथसाथै अदृश्य पाठ्यक्रम पनि प्रयोग गर्नु आवश्यकता रहेको पाइन्छ । अदृश्य पाठ्यक्रमको विषयमा गरिएको छलफल, अवलोकन, अन्तर्वार्ता र प्रश्नावली मार्फत आएका यथार्थ पक्षलाई मध्यनजर गर्दा निम्न अनुसारको सुझावहरू प्रस्तुत गरिएको पाइन्छ ।

### ४.३.१ निर्धारित उद्देश्यमा परिमार्जन गर्नुपर्ने

मोरङ जिल्ला दादरवैरिया स्रोतकेन्द्र अन्तर्गत बबियाविर्ता गा.वि.स. भित्र रहेका दुईवटा विद्यालयको शिक्षक, प्र.अ., कर्मचारी, अभिभावक तथा विद्यार्थीसँगको अन्तर्वार्ता, छलफल, अवलोकन र प्रश्नावलीबाट प्राप्त दुबै विद्यालयको सुझाव अनुसार यो तथ्यलाई स्पष्ट गरिएको पाइयो की जुन हाल निर्धारित उद्देश्यभन्दा सिकारूमा सिकाइ उपलब्धि बढी प्राप्त भइरहेको हुनाले त्यस्ता थप उद्देश्य प्राप्तिका निम्ति अदृश्य सिकाइ उपलब्धिलाई पनि समेटेर अदृश्य पाठ्यक्रमलाई लागू गर्न सकेमा अझ बढी फलदायी र उद्देश्यमूलक हुने दुबै विद्यालयको प्र.अ.ले बताउनुहुन्छ ।

### ४.३.२ सामुदायिक विद्यालय तहको गुणस्तर सुधार र निर्माण गर्नुपर्ने

यसै सन्दर्भमा शिक्षक श्री हरिभक्त बस्नेत भन्नुहुन्छ-

> विद्यालय तहमा लिखित पाठ्यक्रमले मात्र गुणस्तर निर्माण गर्न नसकिरहेको अवस्थामा विभिन्न विद्यालयमा गरिएको सर्वेक्षण, छलफल, अवलोकन तथा प्रश्नावलीमा छलफल गर्दा लिखित पाठ्यक्रमको गुणस्तर उकास्नका लागि थप अदृश्य पाठ्यक्रम पनि समेटेर लैजान सकेमा विद्यार्थीमा आत्मादेखि नै मनोवैज्ञानिक ढङ्गले ज्ञान, सीप, दक्षतामा बृद्धि गराउन उत्साहित हुने भएकाले त्यस्ता जागरूक विद्यार्थीबाट समग्र विद्यालयको गुणस्तर उकास्नमा थप सहयोग पुग्ने सुझाव प्रस्तुत गर्नुहुन्छ।

### ४.३.३ दण्ड र पुरस्कारलाई व्यवस्थापन गर्नुपर्ने

दादरवैरिया स्रोतकेन्द्रमा गरिएको सर्वेक्षण अन्तर्गत श्री जनप्रिय उच्च मा.वि. र श्री त्रिभुवन मा.वि. बहिगाडामा शिक्षक, विद्यार्थी, प्र.अ., कर्मचारी, अभिभावक लगायत लक्षित समूहका व्यक्तिसँग छलफल र अवलोकन गरी विभिन्न प्रश्नावली भर्न लगाउँदा प्र.अ. र तीनजना शिक्षक भन्नुहुन्छ-

> जुन विद्यालयमा शिक्षकले लिएको कक्षा संख्या, अनुशासन, विद्यार्थीको नियमितता, विषयगत उत्तीर्णाङ्कको आधारमा पारदर्शी किसिमको दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अदृश्य पाठ्यक्रमले सघाउ पुऱ्याउँछ । त्यसैले यसलाई विद्यालय तहमा आवश्यकता अनुरूप दण्ड र पुरस्कारको व्यवस्थापन अनिवार्य गर्नुपर्ने अवाश्यक देखिन्छ ।

### ४.३.४ पूर्वाग्रही र भेद्भावपूर्ण धारणाको विकासमा सहयोग पुऱ्याउनु

पाठ्यक्रमले आम जनताको चाहनालाई ध्यानमा राखी कार्यक्रम तय गरेको हुन्छ । जसमा अल्पसंख्यक जनताको मूल्य र मान्यता कमी रहेको पाइन्छ । त्यसैले मैले छनौट गरेको विद्यालयहरूमा छलफल, अवलोकन र प्रश्नावलीबाट दुबै विद्यालयका अध्यक्ष श्री केशराज राजवंशी तथा शंकर चौधरी भन्नुहुन्छ-

> पाठ्यक्रम निर्माणकर्ताले अल्पसंख्यक समुदायलाई पूर्वाग्रही बनी पाठ्यक्रम तय गरेमा राष्ट्रमा विखण्डन हुने, संकटग्रस्त अवस्थामा पुग्ने भएकाले अल्पसंख्यक र बहुसंख्यक दुबै पक्षको शुक्ष्म रूपमा पहिचान गरी अदृश्य पाठ्यक्रमलाई पनि समेटेर अगाडि बढेमा राष्ट्रिय एकता समेत नखल्बलिने हुन्छ ।

उक्त भनाइबाट कुनै पनि पाठ्यक्रम तय गर्दा विना भेदभाव समावेशी ढङ्गबाट पाठ्यक्रम तय गर्नुपर्दछ । यसरी निर्माण गरिएको पाठ्यक्रमले समग्र राष्ट्रको जनतालाई शिक्षण सिकाइ क्रियाकलापमा समान रुपमा विद्यालयमा प्रस्तुत गराउन सकिन्छ । त्यसैले पूवाग्रही र भेद्भाव रहीत तवरबाट पाठ्यक्रम निर्माण गर्नुपर्दछ ।

### ४.३.५ विद्यार्थीहरूको कक्षाकोठाको सिकाइ अवस्थाको विकास गर्न

मैले छनौट गरेका दुई विद्यालयका शिक्षक, प्र.अ., कर्मचारी, विद्यार्थी लगायत विद्यालयमा सरोकार राख्ने सरोकारवालाको सक्रिय सहभागीतामा गरिएको छलफल, अन्तर्क्रिया, अवलोकन र प्रश्नावलीबाट लक्षित समूह छलफलका सहभागी श्री लक्ष्मी बहादुर कार्की यस्तो सुझाव प्रस्तुत गर्नुहुन्छ-

> बालबालिकाको सिकाइलाई बढाउने महत्वपूर्ण पक्ष कक्षाकोठाको सिकाइ भएकाले यसलाई त्यहिँबाट व्यक्तिगत, सामाजिक र सांस्कृतिक पक्षमा विकास गरी अध्ययन कार्यलाई अगाडि बढाउन अदृश्य पाठ्यक्रमले सहज भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नहुन्छ ।

यी माथिका हरेक बुँदाले विद्यालयतहका सबै कक्षाका विद्यार्थीलाई उपयुक्त ढङ्गबाट अगाडि बढ्न आवश्यक सहयोग मिल्ने आशा गरिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तिहरू, त्यसबाट निकालिएका निष्कर्षहरू तथा अध्ययनबाट देखिएका समस्याहरूको समाधान र विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता सम्बन्धी सुझावहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयहरूबाट प्राप्त विद्यार्थीको तथ्याङ्क तथा सम्बन्धित विद्यालयका शिक्षक, प्र.अ., कर्मचारी, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति तथा लक्षित समूह छलफलसँग प्राप्त गरिएको प्रश्नावली, अन्तर्वार्ता, छलफल र अन्तक्रियाबाट प्राप्त तथ्यहरूको व्याख्या र विश्लेषणबाट विद्यालयतहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई अध्ययन क्षेत्रको प्राप्तिको रूपमा लिइएको छ । हाम्रो देशको सन्दर्भमा राष्ट्रिय आवश्यकता अनुसार शिक्षाको गुणस्तर सुधार गर्न, प्राथमिक तहलाई सर्वब्यापि बनाउने र विद्यालयीय शिक्षा निःशुल्क बनाउने लक्ष्यलाई पूरा गर्न लिखित पाठ्यक्रम र नकारात्मक पक्षमा सुधार गरेर मात्र हुँदैन यसको साथसाथै अदृश्य पाठ्यक्रमलाई पनि अत्यन्तै नजिकबाट समेट्नु पर्दछ । यो अध्ययन मोरङ जिल्लाका दादरवैरिया स्रोतकेन्द्र अन्तर्गत बबियाविर्ताका दुईवटा सामुदायिक विद्यालयमा १५ दिनसम्मको क्षेत्रगत अध्ययनमा सम्लग्न भई अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल तथा विश्लेषणबाट यथार्थ सूचना संकलन गरिएको थियो । यस अध्ययनमा दुबै विद्यालयका गरी प्र.अ.-२, शिक्षक-६, विद्यार्थी-१०, कर्मचारी-३, स्रोतव्यक्ति-१ लाई छानिएको थियो । त्यसैगरी लक्षित समूह छलफलमा केटा-केटी, शिक्षक, प्र.अ., अध्यक्ष तथा सरोकारवाला लगायत विद्यालयसँग सम्बन्ध राख्ने विभिन्न व्यक्तित्वलाई समेटी जम्मा २० जनालाई छनौट गरिएको थियो । जसबाट विद्यालयमा शिक्षक तथा विद्यालय प्रशासकले विद्यार्थीको भविष्य निर्धारणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसमा शिक्षक तथा प्र.अ. बाट नै विद्यालयमा गृहकार्य, परीक्षण नीति, शिक्षण गर्ने तरिका, विद्यार्थीलाई उत्प्रेरणा, बसाइको अवस्था, शिक्षकको व्यक्तित्व, पुरस्कार र दण्ड, दण्डबाट बच्ने उपाय, भिडभाडमा हतार गर्ने बानी, जान्ने भए छिटो र नजान्ने भए मौन बस्ने जस्ता विद्यार्थीमा यी पक्षको अदृश्य सिकाइको विकास भइरहेको पाइन्छ

त्यस्तै गरेर विद्यालय प्रशासक तथा कर्मचारीबाट कक्षा परिवर्तन गर्दा, पुरस्कार र दण्ड दिँदा, सामाजिक क्रियाकलापमा भाग लिँन लगाउँदा, विद्यालय पोशाक निर्धारण गर्दा, विद्यार्थी र अभिभावकबीचको भेटघाटको सम्बन्ध राख्दा धैरै अदृश्य सिकाइ भइरहेको पाइयो । त्यस्तै विद्यालयमा निर्धारित पाठ्यक्रमको अलवा अदृश्य पाठ्यक्रमले पनि महत्वपूर्ण भूमिका खेली सिकाइ उपलब्धिमा सहयोग पुऱ्याइरहेकाले विद्यालयमा अदृश्य पाठ्यक्रमको अवस्थालाई मैले छनौट गरेको २ विद्यालयको अवलोकन, मत सर्वेक्षण, अन्तक्रिया र प्रश्नावलीबाट यो पाठ्यक्रम अनिवार्य आवश्यकता रहेको पाइयो ।

विद्यालय तहमा निर्धारित पाठ्यक्रम अनुरूपबाट मात्र शिक्षण गर्ने अवस्था रहे अनुसार गुणस्तरीय शिक्षा हासिल गर्न कठिन भएको पाइयो । अदृश्य पाठ्यक्रमलाई नमेटी सिकाइ गरिएकाले विद्यार्थीमा चैतर्फी विकास हुन नसकेको पाइयो । विद्यालयमा अभिभावक लगायत सरोकार राख्ने व्यक्तिसँगको भेट्घाटले विद्यार्थीमा अदृश्य सिकाइ हासिल गरेको पाइयो ।

आधारभूत ज्ञानको सिकाइबाट पनि विद्यार्थीहरूमा थप अदृश्य सिकाइ उपलब्धि प्राप्त भैरहेको पाइयो, विद्यालयमा भएको भिड्भाडबाट विद्यार्थीको धैर्यधारण गर्ने बानीको विकास भएको पाइयो । साथै कक्षाकोठामा लैङ्गिक विभेद अप्रत्यक्ष रूपमा विकास भई विद्यार्थीमा सहने बानीको विकास भएको पाइयो ।

तालिम प्राप्त जनशक्ति नभएकै कारण अदृश्य पाठ्यक्रम लागू गर्न नसकेको, सामुदायिक विद्यालयमा भौतिक तथा आर्थिक अभाव रहेको, विद्यार्थीमा भाषिक समस्या आई सिकाइमा कठिन भएको, विद्यार्थीहरूमा दण्डबाट बच्ने उपायहरू विकास भएको, शिक्षक तथा प्रशासकको नजिक हुँदा मनोवैज्ञानिक संकट मौलाएको, प्रशासनले गराएको विभिन्न क्रियाकलापबाट सामाजिक कार्यमा विकास भएको, विद्यार्थीहरूमा एकअर्कामा आफ्नो समस्या बताउने र साथीको नराम्रो बानीमा सुधार ल्याउन हदैसम्मको सहयोग पुऱ्याइएको तथा सिर्जनात्मक कार्यमा उत्साहित भई इमान्दारीपूर्वक समूहमा बसी छलफल गर्ने बानीको विकास भएको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको क्रममा प्राप्त भएको सूचना एवम् तथ्याङ्कलाई ब्याख्या र विश्लेषण गरिएको आधारमा औपचारिक पाठ्यक्रमका शिक्षण सिकाइको क्रमसँगै अदृश्य पाठ्यक्रमको सिकाइ पनि भैरहेको हुन्छ । शिक्षालाई बालकेन्द्रित बनाउने क्षमताको विकास गराई, ईमान्दारी, स्वावलम्बी नागरिक तयार गर्ने हाम्रो पाठ्यक्रम (२०६१) को लक्ष्य रहेको छ । यो लक्ष्य प्राप्त गर्नका निम्ति केवल निर्धारित पाठ्यक्रमले मात्र समाधान गर्न नसक्ने अवस्था रहेको पाइन्छ । शिक्षक तथा प्रशासकले गरेको विभिन्न क्रियाकलापबाट विद्यार्थीले लैङ्गिक विभेदबारे थाहा पाउन सकेको, सृर्जनात्मक विकास गर्न खोज्ने, विद्यालयका प्रत्येक तहका पाठ्यक्रममा अदृश्य र निर्धारित पाठ्यक्रमबीचको सम्बन्धले सिकारूमा थप गुणस्तरीय शिक्षा हासिल हुन सक्ने अवस्था देखिएको पाइयो । विद्यार्थीहरूमा अदृश्य पाठ्यक्रमले अरूलाई खुशी पार्ने, आफ्नो ईच्छाको त्याग गर्ने, सबै कुराको ज्ञाता शिक्षक मात्र हो, आफू कमजोर भएको ठान्ने, उत्तरदायीभन्दा बढी इमान्दारी बन्ने तथा ज्ञानी श्रोता भई शिक्षकको भाषण सुन्ने, किताबमा भएको कुरा जान्ने, व्यक्ति राम्रो र असल हो भन्ने धारणाको विकास गर्ने निष्कर्ष निकाल्न सकिन्छ ।

त्यस्तै गरी विद्यालय तहमा भौतिक र आर्थिक व्यवस्थापन एवं सुधार गर्न सफल भएको देखिए तापनि शैक्षिक उपलब्धिको बृद्धिलाई गुणस्तयुक्त बनाउने किसिमको कार्यक्रमलाई विद्यार्थीहरूमा प्रत्यक्ष रूपमा अदृश्य प्रभाव पार्ने किसिमको कार्यक्रमहरू समेट्न सकेको पाइदैन । कतिपय विद्यालयमा शिक्षकहरूले पूरा शिक्षण विधि अपनाई नयाँ र परिवर्तित अवस्थालाई समयानुकूल समेट्न नसकिरहेको अवस्था पनि देखिएको पाइन्छ । किनकी कतिपय शिक्षक कक्षा छोडी बाहिर जाने, नियम पालना नगर्ने, लिङ्गीय विभेद गर्ने, अनुशासनलाई ख्यालन नगर्ने, चुरोट, गुड्का, पान र खैनी जस्ता धुम्रपानजन्य वस्तुलाई विद्यार्थी सामु प्रयोग गर्ने, विद्यार्थीलाई मनोवैज्ञानिक ढङ्गबाट शिक्षण गराउन नसक्ने, परिश्रम कम गर्ने जस्ता कार्यबाट विद्यार्थीहरूमा अप्रत्क्ष असर परिरहेको हुनाले यसलाई निराकण गर्नका निम्ति विद्यालय तहमा अदृश्य पाठ्यक्रमलाई विशेष ध्यान दिई पूर्ण सुधार गर्नु पर्दछ भन्ने निष्कर्ष निकालिएको छ ।

समग्रमा भन्दा विद्यालय तहमा सरसफाइ, सिर्जनशीलतालाई उपयोग गर्ने बानीमा सुधार, अरूको कदर गर्ने, प्रशंसा गर्ने, जिम्मेवारी बोध गराउन सघाउ पुऱ्याउने, कुनैपनि समस्यालाई प्रस्तुत गरी त्यसको समाधान

गर्ने, खराब आचारणलाई सही व्यवहारमा परिवर्तन गराउने, सामाजिक भावनाको विकास गराउने, विद्यार्थीको चाहना, ईच्छा र रूचि अनुरूप नयाँ विधि, सामग्री प्रयोग गरी शिक्षण गर्न निर्धारित पाठ्यक्रमबाट पूरा हुन नसकेको अवस्थालाई समग्र रूपमा परिवर्तन गरी शिक्षाको गुणस्तर सुधार गर्न शिक्षाविद्, समाजसेवी, मनोवैज्ञानिक, दार्शनिक, शिक्षक, विद्यार्थी तथा सम्पूर्ण विद्यालयसँग सरोकार राख्ने सरोकारवालाहरूको निष्कर्षबाट अदृश्य पाठ्यक्रमलाई विद्यालय तहमा समेटेर शैक्षिक कार्य्क्रमलाई अगाडि बढाएमा विद्यालय तहको विद्यार्थीमा चौतर्फी विकास हुने निष्कर्ष निकालिएको पाइन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनको सिलसिलामा पाएका मुख्य प्राप्तिहरूको ब्याख्या, विश्लेषण तथा निष्कर्षका आधारमा विद्यार्थीहरूमा सिकाइ उपलब्धि गुणस्तरीय बनाउन विश्वासिलो संस्थाको रूपमा विकास गर्न र विद्यालयमा बनाइने योजनामा अदृश्य पाठ्यक्रमलाई पहिचान गरी विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई मध्यनजर गरी निर्धारित पाठ्यक्रममा आमूल परिवर्तन गर्न, विद्यालयीय क्षेत्रलाई उच्च र समृद्ध विद्यालय बनाउन तथा गुणस्तरीयता प्राप्त गर्नका लागि विद्यालय तहका शिक्षकले आफ्नो विषयवस्तु पठनपाठन गराउँदा रमाइलो बालमैत्री वातावरणमा विद्यार्थीको क्षमता, रूचि, उमेर तथा मौलिकतालाई ध्यानमा राखी नयाँ शिक्षण विधि सामग्री तथा नयाँ वातावरण सृर्जना गरी पठनपाठन गर्नु आवश्यक रहेको देखिन्छ । त्यसैगरी विद्यालयमा आउने सम्पूर्ण विद्यार्थीलाई सक्रिय सिकारूको रूपमा उत्साहित गर्न अदृश्य पाठ्यक्रमको आवश्यकतालाई मध्यनजर गरी उत्प्रेरणा जगाउनुपर्छ । शिक्षक, विद्यालय, प्रशासक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति लगायत विद्यालयमा सरोकार राख्ने व्यक्तित्वबीच घनिष्ट सम्बन्ध राखी विद्यालयमा कुनैपनि व्यक्तिले लैङ्गीक विभेद गर्नुहुँदैन ।

विद्यालयमा लिइने विभिन्न परीक्षा तथा मूल्याङ्कनमा निष्पक्ष र सुधार गरी विद्यार्थीलाई सकारात्मक बाटोमा ल्याउन उत्साहित बनाउनुपर्ने आवश्यक देखिन्छ । त्यस्तै गरी योजनाबद्ध पाठ्यक्रमसँगै अदृश्य पाठ्यक्रमलाई पनि अनिवार्य रूपमा विद्यालय तहमा समेट्नुपर्ने आवश्यकता रहेको पाइन्छ । यसका अतिरिक्त विद्यार्थीहरूमा रहेका अन्तरनिहित क्षमताको विकास गर्न र सृर्जनात्मक कार्यमा अगाडि बढाउन अदृश्य पाठ्यक्रमलाई सबैले चिन्तन, मनन् गर्न आवश्यक रहेको पाइन्छ । विद्यार्थीलाई कडा अनुशासनभन्दा आत्मअनुशासनमा अग्रसर गराउनु पर्दछ जसले विद्यार्थीलाई आज्ञाकारी तथा उत्तरदायी बनाउन महत्वपूर्ण सहयोग गर्छ ।

विद्यालय तहमा समावेशी अवधारणालाई अनिवार्य रूपमा कार्यान्वयन गराउनका लागि विद्यालय तहमा बालमनोविज्ञान कमी भएका शिक्षकलाई विभिन्न तालिम दिई परिवर्तित अवस्था अनुरूप समावेशी र अदृश्य पाठ्यक्रमको आवश्यकतालाई महशुस गरी अपनाउन सक्ने बनाउनु पर्दछ । अदृश्य पाठ्यक्रमको आवश्यकता सम्बन्धी विषयलाई विद्यालय तहमा ब्यापक बनाउन खुल्ला रूपमा बहस गरी आवश्यक रूपमा प्रयोग गर्नु पर्दछ । अदृश्य पाठ्यक्रमले शैक्षिक क्षेत्रको समग्र पक्षको सुधार गरी विद्यालयको सिकाइ उपलब्धि बढाउन सहयोग पुऱ्याउँदछ ।

विद्यालयको भौतिक, आर्थिक व्यवस्थापनका साथै शैक्षिक उपलब्धि बृद्धि गर्ने योजना तथा कार्यक्रमलाई विशेष रूपमा राखिनु पर्दछ । विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई ध्यानमा राखी माथिल्लो निकायबाट प्रोत्साहन र पुरस्कार स्वरूप थप रकम उपलब्ध गराउनु पर्दछ । विद्यालय तहमा अभिभावकलाई क्रियाशील बनाउन छलफल, भेटघाट, अन्तक्रिया, घरदैलो कार्यक्रम लगायत अन्य कार्यक्रममा सहभागी गराई विद्यार्थीको आवश्यकतालाई पूरा गराउनका लागि विद्यार्थीलाई सिकाइप्रति जागरूक गराउन पुरस्कृत गराउनु पर्दछ ।

अतः विद्यालयको चौतर्फी विकास एवं सुधार गरी उच्च सिकाइ उपलब्धि हासिल गर्ने स्थानीय स्रोत र साधनको परिचालनमा सरोकारवालाको प्रत्यक्ष सम्लग्नताद्वारा विद्यालयको सञ्चालन, विकास एवं सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेर सबै सरोकारवाला, स्थानीय
निकाय एवं गैरसरकारी संस्था र माथिल्लो निकायको सामुहिक प्रयत्न र प्रयासबाट विद्यालयको समग्र पक्षमा अगाडि बढाउन "आफ्नो विद्यालय आफैं बनाऊँ" भन्ने भावना सबैमा जागृत गराउनका लागि विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकतालाई ध्यानमा राखी सम्पूर्ण ब्यक्तित्वको ईच्छा, आकांक्षालाई पूरा गर्दै सम्पूर्ण विद्यार्थीको चौतर्फी विकास गर्न यो पाठ्यक्रम विद्यालय तहमा अत्यन्तै आवश्यक रहेको पाइन्छ ।

# सन्दर्भ सूची

कट्टेल, बालचन्द्र (२०६४), *पाठ्यक्रम कार्यान्वयन,* काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

खनाल, पेशल (२०६३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खत्री, लक्ष्मीप्रसाद (२००१), *सिकारूको सामाजिक विकासमा अदृष्य पाठ्यक्रमले कसरी प्रभाव पार्दछ ?,* अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

खनाल, श्रीप्रसाद (२०६५), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौं : जुपिटर पब्लिकेसन ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पौडेल, डा. लेखनाथ (२०६५), *शैक्षणिक पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, डा. मनप्रसाद (२०६२), *प्रारम्भिक  बालविकास र सिकाइ,* काठमाडौं : भुँडीपुराण प्रशासन ।

शर्मा एण्ड शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरु,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

सापकोटा, राजन (२००५), *कक्षाकोठाभित्र र विद्यालय परिशरमा अदृष्य पाठ्यक्रम,* अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

Jackson, P.W. (1968), *Life in classroom*, New York, USA : Teacher-Collage, Comumbia University.

Print M. (1993),  *Curriculum Development and Design (2nd),* Australia :Allen & Unwin Pvt. Ltd.

Seddon & Murray (1990), *Qualitative Evaluation & Research Method (2nd ed.),* India : Sage Publication.

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची १ : प्र.अ. का लागि प्रश्नावली

विद्यालयको नाम : मिति :

ठेगाना : हस्ताक्षर :

शिक्षण अनुभव वर्ष :

१. के तपाईंका विद्यार्थीले तपाईंले सोंचेभन्दा भिन्न व्यवहार प्रस्तुत गर्छन् ?
क) गर्छन ☐ ख) गर्दैनन् ☐ ग) थाहा छैन ☐

२. जटिल किसिमको दण्ड र सजाय दिनाले विद्यार्थीलाई कस्तो प्रभाव पर्दछ ?
क) नकारात्मक ☐ ख) सकारात्मक ☐ ग) मनोवैज्ञानिक ☐

३. तपाईंको विद्यालयमा अदृश्य पाठ्यक्रम उपलब्ध छ ?
क) छ ☐ ख) छैन ☐ ग) उपलब्ध छ ☐

४. विद्यार्थीलाई कक्षा परिवर्तन गराउँदा के का आधारमा गराउनुहुन्छ ?
क) विद्यार्थी संख्याको आधारमा ☐ ख) भौतिक संरचनाको आधारमा ☐
ग) आफ्नो विचारमा ☐

५. अदृश्य पाठ्यक्रमले हासिल गराउन सक्ने उपलब्धिहरू कुन-कुन क्रियाकलापबाट हासिल गराउन सकिन्छ ?
क) सांस्कृतिक क्रियाकलापबाट ☐ ख) खेल क्रियाकलापबाट ☐ ग) अन्य ☐

६. निर्धारित पाठ्यक्रमभन्दा अन्य कुन-कुन पाठ्यक्रमलाई जोड दिनुहुन्छ ?
उत्तर : ..................................................................................

..................................................................................

७. विद्यार्थी र अभिभावकको भेटघाटबाट विद्यार्थीले के के सिकिरहेका हुन्छन् ?
उत्तर : ..................................................................................

..................................................................................

८. तपाईंको विचारमा अदृश्य पाठ्यक्रम विद्यालयमा कतिको आवश्यक पर्दछ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।
उत्तर : ..................................................................................

..................................................................................

९. अदृश्य पाठ्यक्रमले बालबालिकाहरूमा के-के कुराको विकास गर्न सकिन्छ ?
उत्तर : ..................................................................................

..................................................................................

१०. अदृश्य पाठ्यक्रम कार्यान्वयन गर्दा तपाईं कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ?
उत्तर : ..................................................................................

..................................................................................

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची २ : शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : मिति :

ठेगाना : हस्ताक्षर :

शिक्षण अनुभव वर्ष :

१. निर्धारित पाठ्यक्रमभन्दा थप कुरा सिकाउनुहुन्छ कि हुँदैन ?

क) सिकाउँछु ☐ ख) सिकाउँदिन ☐

२. जटिल किसिमको दण्ड र सजाय दिनाले विद्यार्थीलाई कस्तो प्रभाव पर्दछ ?

क) नकारात्मक ☐ ख) सकारात्मक ☐ ग) मनोवैज्ञानिक ☐

३. अदृश्य पाठ्यक्रमले हासिल गराउन सक्ने उपलब्धिहरू कुन-कुन क्रियाकलापबाट हासिल गराउन सकिन्छ ?

क) सांस्कृतिक क्रियाकलापबाट ☐ ख) खेल क्रियाकलापबाट ☐ ग) अन्य ☐

४. तपाईंको विषयमा सबै विद्यार्थी उत्तीर्ण भएका छन् ?

क) छन् ☐ ख) छैनन् ☐ ग) छन् भने कति ? ☐

५. तपाईंले केटा र केटीहरूलाई कक्षाकोठामा कसरी मिलाएर कक्षा व्यवस्थापन गराउनुहुन्छ ?

उत्तर : ..............................................................................................

..............................................................................................

६. विद्यार्थीहरूलाई कसरी सकारात्मक उत्प्रेरणा जगाउनुहुन्छ ?

उत्तर : ..............................................................................................

..............................................................................................

७. पुरस्कारले विद्यार्थीको सिकाइमा के कस्तो सुधार गर्न सकिन्छ ?

उत्तर : ..............................................................................................

..............................................................................................

८. विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता बारेमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

उत्तर : ..............................................................................................

..............................................................................................

९. अदृश्य पाठ्यक्रमले बालबालिकाहरूमा के-के कुराको विकास गर्न सकिन्छ ?

उत्तर : ..............................................................................................

..............................................................................................

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ३ : विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम : मिति :

विद्यार्थीको नाम : कक्षा :

ठेगाना : हस्ताक्षर :

१. तिमीलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) सामान्य ☐

२. सिकाइ उपलब्धिमा सबैभन्द बढि कसको भूमिका रहन्छ ?

क) शैक्षिक सामग्री ☐ ख) तालिम ☐ ग) छात्रबृत्ति ☐

३. केटा र केटीमा विभेद गर्दा शिक्षकप्रति तिम्रो कस्तो धारणा रहेको छ ?

क) सामान्य ☐ ख) राम्रो ☐ ग) नराम्रो ☐

४. पढ्दा नबुझेका कुरा क-कसले बुझाइदिनुहुन्छ ?

क) आमाबाबु ☐ ख) शिक्षक ☐ ग) साथीभाई ☐

५. के शिक्षकले सिकाएकोभन्दा अन्य कार्यहरू पनि गर्दैछौ ?

क) गर्दछु ☐ ख) गर्दिन ☐ ग) अल्छि लाग्छ ☐

६. के तिमी खेल तथा विभिन्न कार्यहरू व्यक्तिगत वा सामुहिक रूपमा गर्दछौ ?

क) व्यक्तिगत रूपमा ☐ ख) सामुहिक रूपमा ☐ ग) अरूको भरम ☐

७. अहिले भैरहेको निर्धारित शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुँदा के-के कुरा सिकेजस्तो लाग्छ ?

उत्तर : ....................................................................................................

....................................................................................................

८. विद्यार्थीले राम्रो व्यक्तित्व देखाउन के-के गर्नुपर्छ ?

उत्तर : ....................................................................................................

....................................................................................................

९. अहिले भइरहेको निर्धारित पाठ्यक्रमप्रति तिम्रो के विचार छ ?

उत्तर : ....................................................................................................

....................................................................................................

१०. शिक्षकले गराएको शिक्षण सिकाइमा तिमी कतिको सन्तुष्टि छौ ?

उत्तर : ....................................................................................................

....................................................................................................

११. तिमी घरमा बढि मात्रामा के के कार्य गरेर समय बिताउँछौ ?

उत्तर : ....................................................................................................

....................................................................................................

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ४ : स्रोत व्यक्तिका लागि प्रश्नावली

स्रोतव्यक्तिको नाम : मिति :

ठेगाना : हस्ताक्षर :

शिक्षण अनुभव वर्ष :

१. तपाईंले कक्षा अवलोकन गर्दा विद्यार्थीको भावनामा कस्तो छाप परेको पाउनुहुन्छ ?
क) संवेदनशिल हुन्छन् ☐ ख) ध्यानपूवर्क सुन्छन् ☐ ग) अचम्भित हुन्छन् ☐

२. जि.शि.का. बाट आएका कार्यक्रमलाई विद्यालय तहमा तपाईंले कसरी प्रस्तुत गर्नुहुन्छ ?
क) प्रत्यक्ष रूपमा ☐ ख) अप्रत्यक्ष रूपमा ☐ ग) माथिको दुवैमा ☐

३. स्रोतकेन्द्र स्तरीय सांस्कृतिक कार्यक्रमले विद्यार्थीको विचारलाई कस्तो प्रभाव पार्दछ?
क) सकारात्मक ☐ ख) नकारात्मक ☐ ग) क र ख को दुवै ☐

४. तपाईंको स्रोतकेन्द्रमा शैक्षिक गुणस्तर उकास्न कस्ता कस्ता कार्यक्रमलाई प्राथमिकता दिनुहुन्छ ?
उत्तर : ..................................................................................................

..................................................................................................

५. तपाईंले शिक्षकको शिक्षण सिकाइमा सुधार ल्याउन कुन कुन निकायलाई अनुरोध तथा सुझाव दिनुभएको छ ?
उत्तर : ..................................................................................................

..................................................................................................

६. तपाईंको स्रोतकेन्द्रमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबीच शिक्षण सिकाइमा के फरक देख्नुभएको छ ?
उत्तर : ..................................................................................................

..................................................................................................

७. निर्धारित पाठ्यक्रमबाट कस्ता कस्ता अदृश्य उपलब्धिहरू प्राप्त भएका छन् ?
उत्तर : ..................................................................................................

..................................................................................................

८. अदृश्य पाठ्यक्रमले बालबालिकाहरूमा के-के कुराको विकास गर्न सकिन्छ ?
उत्तर : ..................................................................................................

..................................................................................................

९. अदृश्य पाठ्यक्रम कार्यान्वयन गर्दा तपाईँ कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ?
उत्तर : ..................................................................................................

..................................................................................................

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ५ : विद्यार्थीको लागि अवलोकन फाराम

विद्यालयको नाम : मिति :

ठेगाना : अवलोकन क्षेत्र :

तल दिइएका मध्ये उचित ठाउँमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।

| विषयवस्तु | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम |
|---|---|---|---|---|---|
| १. पाठ्यक्रम सम्बन्धमा | | | | | |
| क) मातृभाषाको पाठ्यक्रम<br>ख) राष्ट्र भाषाको पाठ्यक्रम<br>ग) अदृश्य पाठ्यक्रम<br>घ) निर्द्धिष्ट पाठ्यक्रम | | | | | |
| २. सिकाइ सम्बन्धमा | | | | | |
| क) निर्द्धिष्ट पाठ्यक्रमको सिकाइ<br>ख) समावेशी सिकाइ<br>ग) प्रयोगात्मक सिकाइ<br>घ) विद्यार्थी केन्द्रित सिकाइ<br>ङ) थप सिकाइ<br>च) अतिरिक्त सिकाइ | | | | | |
| ३. उपलब्धि सम्बन्धमा | | | | | |
| क) निर्द्धिष्ट पाठ्यक्रमबाट<br>ख) अदृश्य पाठ्यक्रमबाट<br>ग) प्रयोगात्मक पाठ्यक्रमबाट<br>घ) अतिरिक्त पाठ्यक्रमबाट | | | | | |

अवलोकन कर्ता

नाम :

दस्तखत :

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ६ : शिक्षकको लागि अवलोकन फाराम

विद्यालयको नाम : मिति :

ठेगाना : अवलोकन क्षेत्र :

तल दिइएका मध्ये उचित ठाउँमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।

| विषयवस्तु | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम |
|---|---|---|---|---|---|
| १. पाठ्यक्रम प्रयोग सम्बन्धमा | | | | | |
| क) निर्दिष्ट पाठ्यक्रम<br>ख) समावेशी पाठ्यक्रम<br>ग) अदृश्य पाठ्यक्रम<br>घ) मातृभाषाको पाठ्यक्रम | | | | | |
| २. शिक्षण सिकाइ सम्बन्धमा | | | | | |
| क) कक्षा व्यवस्थापन<br>ख) पूर्व पाठमा आधारित<br>ग) पाठप्रति रुचि जागरण<br>घ) स्तरयुक्तता | | | | | |
| ३. शैक्षिक उपलब्धि | | | | | |
| क) निर्धारित उद्देश्य अनुरुपको<br>ख) थप उपलब्धि<br>ग) कक्षा शिक्षणको उपलब्धि<br>घ) सिर्जनात्मक उपलब्धि | | | | | |

अवलोकन कर्ता

नाम :

दस्तखत :

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ७ : लक्षित समूह छलफलका विषयवस्तुहरू

नाम : मिति :

ठेगाना : हस्ताक्षर :

१. अपेक्षित पाठ्यक्रमले विद्यार्थीको चाहना पूरागर्न नसकेको ।

२. अदृश्य पाठ्यक्रमले समेट्नु पर्ने पक्षहरू ।

३. अदृश्य पाठ्यक्रममा शिक्षक, प्र.अ. र स्रोतव्यक्तिको भूमिका ।

४. विद्यालयमा गराउन सकिने अदृश्य शिक्षण क्रियाकलापहरू ।

# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ८ : विद्यार्थीमा खेल सिकाइको विकास

फोटो नं. १



फोटो नं. २



# विद्यालय तहमा अदृश्य पाठ्यक्रमको आवश्यकता

## अनुसूची ९ : विद्यालय तहका विद्यार्थीमा अनुशासनको विकास

फोटो नं. ३



फोटो नं. ४



## अनुसूची १० : थप सिर्जनात्मक क्षमताको विकास

फोटो नं. ५



फोटो नं. ६

